# अध्याय - एक

## परिचय

### १.१. अध्ययनको पृष्ठभूमी

नेपाल दक्षिण एसियामा अवस्थित भारत र चीनको बीचमा रहेको एक भूपरिवेष्ठित मूलुक हो । विश्वको कूल क्षेत्रफलको ०.३ प्रतिशत भूभाग ओगटेको यो मुलुकको क्षेत्रफल १,४७,१८१ वर्ग किलो मिटर छ । क्षेत्रफलको हिसाबले सानो भए पनि यहाँ बहु जातिय, बहु भाषिक, बहु धार्मिक, समुदायका मानिसहरु बसेका छन् । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको यस मुलुक प्राचिन कालदेखि नै जातिगत, भाषागत र साँस्कृतिक संगमस्थल समेत बन्दै आएको छ । विश्व मानचित्रमा सानो देखिए पनि विविध भौगोलिक विविधता बोकेको नेपाल हिमाल, पहाड र तराई ३ भागमा बाँडिएको छ । नेपालको भूभाग समुन्द्र सतहबाट ७० मिटरदेखि ८८४८ मिटर सम्म अग्लो छ । यस मुलुकमा ३ किशिमको हावापानी पाइन्छ । हिमाली क्षेत्रमा शीतप्रधान हावापानी, पहाडी क्षेत्रमा समशितोष्ण हावापानी र तराई क्षेत्रमा उष्ण हावापानी पाइन्छ । प्राचिन कालदेखि भिन्न भिन्न जात जनजातीहरुको बसोबास रहेको नेपालमा हिमाली क्षेत्रमा शेर्पा, थकाली, भोटे आदि जातीहरु, पहाडी क्षेत्रमा वाहुन, क्षेत्री, तमाङ्ग, गुरुङ्ग, राई, लिम्बु, सार्की, कामी, दमाई आदि जातीहरु बसोबास गर्दछन् र तराई क्षेत्रमा राजवंशी, थारु, धिमाल आदि जातीहरु वसोवास गर्दछन् । ६० भन्दा बढि भाषाभाषिहरु र १०३ भन्दा बढि जात जनजातीहरुको बसोबास रहेको यस मुलुकको भौगोलिक भू-धरातलीय हावापानी अनुसार जातीय संरचनामा फरक-फरक जातीहरुको वाहुल्यता भेटिन्छ । हिमाली प्रदेशमा बस्ने जनजातीहरु बौद्ध धर्मालम्बीको रुपमा, पहाडी र तराई क्षेत्रमा धेरै हिन्दु धर्मालम्बी र अन्य केहि बौद्ध, क्रिश्चियन, इस्लाम आदि धर्मालम्बीहरु भेटिन्छन् । भिन्न भिन्न जातजातीहरुको संगमस्थलको रुपमा रहेको नेपालको जातिय संरचना हिन्दु वर्णाश्रममा आधारित ४(चार) भागमा बाँडिएको छ । जस अन्तर्गत ब्रम्हण, क्षेत्री, वैश्य र सुद्र पर्दछन् । उँच नीचको आधारमा हेर्दा ब्रम्हण सबैभन्दा माथि र सुद्र सबै भन्दा तल्लो अछुत जातको रुपमा लिइन्छ । तल्ला जातीहरुलाई दलित तथा पानी नचल्ने जातीको रुपमा लिइन्छ । तर हालको आधुनिक सभ्य समाजमा यसलाई अस्वीकार गर्नेहरुको संख्या बढने क्रम चलिनै रहेको छ । वास्तविक रुपमा हेर्दा उचनीचले सामाजिक, आर्थिक, मनोवैज्ञानिक, हिसाबले प्रभाव

पारेको हुन्छ । जन्मदै माथिल्लो जातीले समाजमा माथिल्लो हैसियत र तल्लो जातीले तल्लो हैसियत राख्दा नेपालमा जतिसुकै संविधान, ऐन, कानून निर्माण भए पनि कागजमा मात्र सीमित छ, व्यवहारमा छैन । यसको ज्वलन्त उदाहरण शिक्षित दमाई, कामी, सार्की आदि दलित जातिहरु आज सम्म पनि उच्च जातीको घर भित्र छिर्न सक्दैनन् । ऐतिहासिक जातिय पृष्ठभूमिलाई केलाएर हेर्दा **राजा सुरेन्द्रको शासनकालमा जारी गरिएको मुलुकी ऐन वि.सं. १९१०** अन्तर्गत चार जातीहरु रहेका छन् । जस्तै

क) तागाधारी :- जनै लगाउने समुह (उपाध्याय, जैसी, क्षेत्री)

ख) मतवाली :- जाँड रक्सी पिउने समुह ( भोटे, मगर, राई, लिम्बु आदि)

ग) पानी नचल्ने छोइछिटो हाल्नु नपर्ने :- कसाई, धोवी, कुसले, गैर हिन्दु, मुसलमान आदी

घ) पानी नचल्ने छोइछिटो हाल्नु पर्ने :- अछुत जाती सार्की, कामी,दमाई आदि

माथि विभाजन गरिएका जातीहरु मध्ये पानी नचल्ने छोईछिटो हाल्नु पर्ने अछुत जात अन्तर्गत सार्की रहेको छ ।

नेपालको एउटा पुरानो जाती सार्की जातीको उत्पति तथा नामाकरणको सम्बन्धमा पर्याप्त प्रमाणहरु फेला पार्न सकिएको छैन । क्षेत्रगत अध्ययनको क्रममा प्राप्त उनीहरुलाई पूर्वहरुले दिएको जानकारी अनुसार यो जाती काशीबाट आई विभिन्न ठाउँहरुमा छरिएर बसेका छन् । सार्की जातीको बारेमा विभिन्न कुराहरु किम्बदन्तीको रुपमा पढन र सुन्न सकिन्छ । विश्वामित्र जातबाट खसि सार्की भएको  तथा कार्कीको हाड नाता बिग्रेर सार्की भएको कुरा पनि उल्लेख भएको पाइन्छ ।

यस्तै **वृहत नेपाली शब्दकोश २०४०** अनुसार सार्कीको अर्थ “नूनिलो माटो वा क्षारको प्रयोग गरेर काँचो छालालाई बलियो र पाको बनाउने एक जाती छालाको काम गर्ने व्यक्ति चर्मकार” भनिएको छ ।

सार्की जातिको बारेमा **नेपालको मानव भूगोलमा रामकुमार पाडे** लेख्नुहुन्छ “यस जाती प्रायः एक तल्ले सानो खर पराल स्याउलाले छाएको सानो कोठा युक्त घरमा बस्छन् । कतै छालाले मोडेको ढोका पनि हुन्छ । बजार वा राम्रो गाउँ नजिक बस्न रुचाउँछन् ।”

यस जाती वाहुन क्षेत्रीहरुकै आसपासमा बसेको पाइन्छ र थर पनि क्षेत्री बाहुनहरुकै जस्तै रोक्का, वस्याल, कोइराला आदि थरहरु पनि पाइन्छ । त्यस्तै सार्की जातीका आफ्नै थरहरु तोलाङ्गे, रम्तेल, अछामे आदि थरहरु पाइन्छ ।

संसार परिर्वतनशिल छ जुन कुरा र अवस्था हिजो थियो, त्यो आज छैन, जुन आज छ भोलि हुने छैन भन्ने मान्यता सार्की समुदायमा पनि पाइन्छ । यस समुदायको सामाजिक एवं सास्कृतिक पक्षमा परिर्वतनहरु निरन्तर रुपमा भएको पाइन्छ । परिवर्तनको प्रभाव युवारुमा वढि देखिएको छ । स्कुल कलेजहरुको स्थापनाले स्कुल जाने प्रवृति वढ्दै जादाँ विभिन्न व्यक्तिहरुसँगको अन्तरक्रिया पाठ्य पुस्तक लगाएत अन्य पठनिय सामाग्रीहरुको अध्ययनले गर्दा उनिहरुमा शिक्षाको विकास भई समाज परिर्वतनमा मूख्य भूमिका खेलेको छ । विभिन्न आधुनिक समाग्रीहरु रेडियो, टि.भि., मोवाईल फोन आदिले पनि समाज परिर्वतन गर्न मुख्य भूमिका खेलेको छ ।

परिर्वतनको प्रभाववाट नै आज उनिहरु सर्वजनिक स्थल स्कुल, कलेज, वजार आदिमा निर्धक भएर खान र ख्वाउन सक्ने भएका छन् । गाउँका सवएजनिक विषयमा खुलस्त रुपमा आफ्ना विचारहरु राख्न सक्ने भईसकेका छन् ।

यस्तै घरमा सिमेन्ट, टायल, विजुली, खानेपानीको पाइप, टि.भि।, मोवाईल फोन आदीको प्रयोग भएको देखिन्छ ।

चाडपर्वहरुमा पनि विविध परिर्वतनहरु देखिन्छ । विवाह चाडपर्वहरुमा साँगितिक उपकरणहरुको प्रयोग, डोलिको सट्टा मोटरको प्रयोग आदि परिर्वतनहरु देखिन्छ ।

आर्थिक क्षेत्रमा पनि विविध परिर्वतहरु देखिन्छ । आधुनिक स्वदिशि तथा विदेशि जुत्ताहरुको प्रयोगले परम्परागत जुक्त सिउने पेशा अध्ययन क्षेत्रमा विस्थापित भईसकेको छ । कृषि मजदुरी गर्ने, अर्काको खेत अधिँया गर्ने केंअि सिमित व्यक्तिले सरकारी, गैरसरकारी क्षेत्रहरुमा जागीर खाने, वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ । काम गरेको ज्याला नगदमा लिने प्रचलन सुरु भई सकेको छ । विभिन्न वचत समूहको स्थापनाले गर्दा चाहेको वेलामा कम व्याजमा ऋण पाउन थाले पछि साहुको चर्को व्याजवाट ऋण लिने चलन घट्दै गईरहेको छ । विभिन्न वित्तिय संस्थाहरुवाट ऋण लिने गरेको देखिन्छ ।

वि.सं. २०५८ सालको जनगणना अनुसार नेपालको कूल जनसंख्याको १५ औं स्थानमा रहेको सार्की जातीको कूल जनसंख्या ३,१८,९८९ रहेको छ । संख्यात्मक हिसाबले थोरै भए पनि यिनीहरु देशभर छरिएका छन् । सिन्धुली जिल्लामा सार्की जातीको कूल संख्या ९,०२७ मध्ये पुरुषको संख्या ४,५०२ र महिलाको संख्या ४,४४५ रहेको छ ।

शोधकर्ताले अध्ययनको लागि छनौट गरेको क्षेत्र कमलामाई नगरपालिका वडा नं.५ अन्तर्गत आहाले गाउँमा सार्की जातीको कूल २० घर धुरी रहेको र कूल जनसंख्या १३८ रहेका छन् जसमा पुरुष ७२ जना र महिला ६६ जना रहेका छन् ।

## १.२ समस्याको कथन

नेपालमा शदिऔंदेखि हालसम्म विविध जातजाती, भाषा भाषी, धर्म, संस्कृति अँगाल्नेहरु बसोबास गर्दै आइरहेका छन् । समयको परिवर्तनसँगै ती भिन्न जात जातीहरु मध्ये सार्की जाती पनि एक हो । वि.सं. २०५८ को जनगणना अनुसार जनसंख्याको आधारमा १५ औं स्थानमा रहेको यो जाती देशका विभिन्न भागहरुमा छरिएर रहेका छन् । अन्य जाती भन्दा पिछडिएको तथा जातीय उचनीचको कारण यो जाती समाजमा तल्लो जातीको रुपमा दबिएर रहेको पाइन्छ । शैक्षिक, सामाजिक, राजनैतिक तथा आर्थिक आधारमा हेर्दा यो जाती विगतदेखि हालसम्म पनि पछि परेको देखिन्छ । हाम्रो देशमा कानूनी रुपमा छुवाछुतको अन्त्य वि.सं. २०२० को मुलुकी ऐनदेखि सुरुवात भएको देखिन्छ ।

**नेपालको संविधान २०४७** को मौलिक हक अन्तर्गत राज्यले नागरिकबीच धर्म, वर्ण, जात, जाती, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगर्ने कुराको उल्लेख छ ।

**नेपालको अन्तरिम संविधान २०६३** मा पनि छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक अन्तर्गत कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पिडित व्यक्तिले कानूनद्धारा निर्धारण भए बमोजिम क्षतिपूर्ति पाउने छ भन्ने कुरा उल्लेख गरिएको छ ।

यसरी विभिन्न समयमा बनेका संविधान ऐन कानूनबाट छुवाछुत तथा जातीय विभेदको अन्त्य भए पति व्यवहारमा पाइदैन् । कथित उच्च जातीका ब्राम्हण, क्षेत्रीहरुको जस्तै थर पाउनु, हिन्दु धर्म अँगाल्नु, नेपाली भाषा नै मातृभाषा हुनु जस्ता कुराहरु देखिए पनि सामाजिक रुपमा किन पछि परे ? परम्परागत हिन्दु धर्म परित्याग गरी अन्य धर्मप्रति किन आकर्षित भए ? सामाजिक, आर्थिक, राजनैतिक हैसियत किन अन्य जातीको जस्तो भएन ? किन कहिले पनि निर्णायक स्थितिमा पुगेनन् ? किन सधैं

उच्च जातीबाट शोषित हुनु पर्‍यो ? जातीय उचनीचका कारण सरकारी तथा गैर सरकारी क्षेत्रमा काम गर्न अप्ठ्यारो पर्नु, सामाजिक जीवन बिताउन कठिनाइ हुनु आदि यस जातीको समस्याहरु हुन् ।

परम्परागत जुत्ता सिउने पेशाले जीवन नधान्ने अधिकांश नयाँ पिँढीले बिर्सि पनि सकेकाले र आधुनिक स्वदेशी तथा विदेशी जुत्ता लगायत छालाका सामानसँग प्रतिस्पर्धा गर्न किन सकेनन् ? किन यो जाती वैकल्पिक पेशा अपनाउन वाध्य छन् ? जस अन्तर्गत कृषि, पशुपालन, मजदुरी, वैदेशिक रोजगारी र केही सीमित सरकारी तथा गैर सरकारी आदि क्षेत्रमा कार्यरत छन् ।

गरिवीको कारणले शिक्षा, स्वास्थ्य र चेतनाको अभावले गर्दा विद्यालय पठाउन नसकेबाट पनि तुलनात्मकरुपमा अशिक्षितहरु धेरै छन् । वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनले यिनीहरुमा केही चेतनाको विकास भएको देखिन्छ । अहिलेको गणतान्त्रिक समाजमा विभिन्न राजनैतिक दल, सरकारी, गैर सरकारी क्षेत्रले दलितको आवाज उठाउने क्रममा सार्की जातीको आवाज पनि उठाइरहेका छन् । कतिपय राजनैतिक दल, संघ, संस्थामा आफैं संलग्न भई यस जातीले आफ्नो आवाज पनि उठाइ रहेका छन् । केही पढे लेखेका सार्की जातीमा आफ्नु समाजलाई कसरी विकसित बनाउने भन्ने कुराहरुको वहस, छलफल पनि चलेको देखिन्छ ।

माथिका यी समस्याहरुको आधारमा सिन्धुली जिल्ला कमालामाई नगरपालिका वडा नं. ५ आहाले गाउँमा बसोबास गर्दै आएका सार्की जातीको सामाजिक, आर्थिक एवम् साँस्कृतिक पक्ष के के हुन ? घरयासि स्तरमा महिला र पुरुष विच के कस्ता भिन्नताहरु छन् ? कस्तो किसिमको शैक्षिक स्तर र वातावरण छ ? हालको आधुनिक शिक्षित समाजमा उनिहरु प्रति के कस्तो परिर्वतित धारणा छ भन्ने कुराको वारेमा यो शोधपत्र केन्द्रित रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य :-

नेपाल एक विविध भाषाभाषी, जात जनजातीहरुको एउटा साझा चौतारी हो । नेपाल भित्रका हरेक मानिसहरुमा एक अर्काको धर्म संस्कृति आदिको सम्मान गरिने परिपाटी विगतदेखि हाल सम्म चलि आएको छ । देश भित्र रहेका विविध भाषाभाषी, जात, जनजाती, धर्म, संस्कृति आदिको खोज गरी अध्ययन गर्नु आवश्यक हुन्छ, जुन एउटा राष्ट्रहितको लागि अपरिहार्य पनि छ । सीमित क्षेत्रलाई लिएर गरिएको सार्की जातीको यस अध्ययनले सार्की जातीको सामाजिक एवम् साँस्कृतिक तथा आर्थिक

अवस्थाको विश्लेषण गर्ने, सार्की जातीको आर्थिक पक्षको विश्लेषण गर्ने र उनीहरुमा आएको सामाजिक, साँस्कृति, आर्थिक परिवर्तनको अध्ययन गरी त्यसले पारेको प्रभावको अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व :-

नेपाल विभिन्न धर्म सँस्कृति, जात, जनजाती, भाषा भाषी रहेको मुलुक हो । कुनै पनि देश विकास हुन त्यस देशको भाषा, धर्म, सँस्कृति आदिको विकास समान रुपले हुनु पर्दछ । उचनीचको कारणले समाजमा तल्लो जातीमा रहनु परेको सार्की जातीमा यो शोधपत्रले सार्की जातीको आर्थिक, सामाजिक, साँस्कृतिक आदि विविध पक्षको अध्ययन गर्न र सार्की जातीको अन्य जातीसँग र अन्य जातीको सार्की जातीसँगको सम्बन्धमा आएको परिवर्तनको उजागर गर्ने भएकोले सार्की जातीको अध्ययनमा रुची राख्ने विद्यार्थी अनुसन्धान कर्ता र अन्यहरुलाई यो अध्ययन सहयोगी हुनेछ भन्ने कुराको महत्व राख्दछ ।

## १.५ अध्ययनको सीमा :-

कुनै पनि अध्ययन अनुसन्धानको आ-आफ्नै सीमाहरु हुन्छन् । समय, श्रम र आर्थिक स्रोतलाई पनि विचार गर्नुपर्ने हुनाले चाहेर पनि वृस्तित अध्ययन गर्न नसकि सीमित क्षेत्रमा अध्ययन गरिएको हुनाले यसका निश्चित सीमाहरु भएकोले यो अनुशन्धान कमलामाई नगरपालिका वाडा नं. ५ आहाले गाउँका २० घरहरुमा मात्र सिमित छन् । शैक्षिक प्रयोजनका लागि मात्र तयार पारिएकोले पूर्णरुपमा मानवशास्त्रीय अध्ययन हुन सकेको छैन । यो अनुसन्धान निश्चित अवधिमा, निश्चित ठाउँमा गरिएको हुनाले निश्चित सीमामा मात्र मान्यता प्राप्त गर्दछ । यसबाट प्राप्त परिणामलाई सामान्यीकरण गर्न सकिदैन् ।

## १.६ अध्ययनको संगठनात्मक ढाँचा :-

त्रिभुवन विश्वविद्यालय मानवीकी तथा सामाजिक विज्ञान संकायको स्नातकोत्तर तह समाजशास्त्र/मानवशास्त्र विषयको आंशिक आवश्यकता परिपूर्तिको निम्ति तयार पारेको यो सोधपत्रमा सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं. ५ आहाले गाउँमा बसोबास गर्ने सार्की जातीको बारेमा गरिने यस अनुसन्धानलाई विभिन्न ७ वटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा

अध्ययनको पृष्ठभूमि,समस्याको कथन, अध्ययनको उदेश्य, अध्ययनको सीमा राखिएको छ । दोस्रो अध्यायमा सन्दर्भ साहित्यको पुनरावलोकन शिर्षक राखिएको छ । तेस्रो अध्यायमा अनुसन्धान विधि राखिएको छ । चौथो अध्यायमा सार्की जातीको सामाजिक, साँस्कृतिक, पक्षको निरन्तर्ता शिर्षक उल्लेख गरिएको छ । सार्की जातीको आर्थिक पक्षलाई अध्याय पाँचमा उल्लेख गरिएको छ । यस्तै अध्याय छ मा सामाजिक, साँस्कृतिक र आर्थिक क्षेत्रमा आएको परिवर्तनहरु उल्लेख गरिएको छ । अनुसन्धानको सांरसं, निष्कर्ष सातां अध्यायमा उल्लेख गरिएको छ ।

अनुसन्धानको अन्त्यमा अध्ययन क्षेत्रमा सोधिएका विभिन्न प्रश्नहरु र अनुसन्धानमा सहयोग लिइएको विभिन्न कृतिहरुको नाम उल्लेख गरिएको छ ।

# अध्याय - दुई

## सन्दर्भ साहित्यको पुनरावलोकन

साहित्यको पूर्व समालोचना (समीक्षा) भन्नाले कुनै पनि लिखित साहित्यलाई विभिन्न दृष्टिकोणहरुबाट व्याख्या तथा विश्लेषण गर्नु भन्ने बुझिन्छ । साहित्य समीक्षालाई लेखकको धारणाहरुसँग समर्थन तथा असहमतिका आधारहरुमा रहेर पनि अध्ययन कर्ताहरुले विश्लेषण गर्न सक्दछन् ।

यस अध्यायमा साहित्यको पुनरावलोकन दुई तरिकाबाट गरिएको छ ।

१) सामान्य पुनरावलोकन

२) सैद्धान्तिक पुनरावलोकन

**२.१. सामान्य पुनरावलोकन :-** यस पुनरावलोकन अन्तर्गत विभिन्न विषयवस्तु लेख सम्बन्धी साहित्यको पुनरावलोकनमा गरिएको छ । यस पुनरावलोकनलाई यस प्रकार प्रस्तुत गरिएको छ ।

सार्कि जातिको उत्पति सम्वन्धि मौलिक आख्यान अनुसार "उहिल्यै पृथ्वीमा कयौं दिन पानी नपरी पृथ्वी सुख्खा भई प्राणी जगतमा पानीको हाहाकार मच्चिई कयौं प्राणीहरु मर्न थाले यस्तो अवस्थामा पानी पार्ने देवताहरुको अनेक प्रयास विफल भए पछि विश्वामित्र ऋषिले गाईको मासु खाए पानी पर्ने कुरा पत्ता लाग्यो । विश्वामित्र ऋषिले गौमांस भक्षण गरे र पृथ्वीमा पानी पऱ्यो । विश्वामित्र ऋषिको यस कार्यबाट देवताहरु खुसी भै उनलाई मृत्युदण्ड नदिइ जातबाट तल खसाली दिए । उनै विश्वमित्र ऋषिका सन्तान नै आजका सार्कीहरु हुन भन्ने रहेको छ ।" (पौडेल प्रदिप)

धार्मिक मान्यतालाई आधार मान्दा **ऋग्वेद**लाई जातीप्रथाको शुरुवात मानिन्छ । जस अनुसार परमात्माको मुखबाट ब्राम्हण, बाहुबाट क्षेत्री, तिघ्राबाट वैश्य, खुट्टाबाट सुद्रहरुको उत्पत्ति भएको हो । यही सुद्र अन्तर्गत सार्की पनि एउटा जाती हो । जुन अछुत मानिन्छ ।

“समस्त संसारको सुरक्षा आदि व्यवस्था गर्न परमात्माले मुख, पाखुरा, तिघ्रा र खुट्टासँग तुलना गरी ब्राम्हण, क्षेत्री, वैश्य र सुद्र वर्णको अलग अलग कर्म बनाएका छन् ।” यस्तै **मनुस्मृति** मै “सुद्र कर्म भनेको ब्रम्हाण, क्षेत्री वैश्यको सेवा गर्नु” भनि भनिएको छ ।

प्रसिद्ध विद्वान डोरबहादुर विष्टले “सबै जातको फूलवारी” भन्ने पुस्तकमा हामी बाहुन क्षेत्री शिर्षक अन्तर्गत दलितहरुको कुरा पनि उल्लेख गरिदिनुबाट यी जातीहरुको सम्बन्ध बाहुन क्षेत्रीसँग निकट रहेको भन्ने बुझिन्छ ।

सार्की जातिको उत्पतिको सम्वन्धमा मृगुऋषिले रङ्गको आधारमा वर्णको उत्पति भएको वताएका छन् जस्तै “ब्रम्हणहरु गोरा, क्षेत्रीहरु रातो, वैश्यहरु पित र शुद्रहरु कालो वर्णका हुन्छन् भनेका छन्”। शक्तिशाली ब्रम्हणहरुले शक्तिहिन वर्गा सार्की तथा अछुत जातीहरुलाई आफ्नो दवावमा राखेका छन् । ( क्यापलन)

“दमाइ, कामी, सार्की, च्यामे, पोडे, गाईने आदी जातीलाई अछुत जाती अर्न्तगत राखिएको छ ”। (शर्मा)

“सार्की जातिहरु नेपालको खास गरी पाहाडी क्षेत्रमा समाजको उच्च जातको वरीपरी बसोवास गर्दछन् यिनिहरु नेपालमा कहिले देखि वसोवास गर्न थालेका हुन भन्ने कुरा थाहा पाउन कठिन छ ।” ( विष्ट)

“कुनै पनि देशमा भएका अछुत जातजतिहरुको संख्याले देशको कूल जनसंख्यालाई प्रतिनिधित्व गर्न सक्दैन किनभने अछुत जातिको जनसंख्या राष्ट्रको जनसंख्याको तुलनामा एकदमै कम रहेको छ र सार्की जातिहरु यहि अछुत जाति भित्र पर्दछन् । ” (हुफर)

“वस्तु विनिमय प्रणाली विस्तारै हराउदै जादा भारतिय वस्तुहरुले नेपाली वजारमा सर्वपरी स्थान ओगट्न सफल भएको देखिन्छ । विभिन्न क्रियाकलापमा पैसाको अवश्यक्ता टार्नको निम्ति सार्की जातिहरुले नगदे वाली वेचविखन गरी गुजारा टार्दछन्”। (क्यापलन)

ब्राम्हण, क्षेत्रीहरुको आसपास बस्ने, उनीहरु कै जस्तो धर्म, संस्कृति, भाषा भएका दमाई, कामी, सार्की किन तल्लो जाती र ब्राम्हण, क्षेत्री किन माथिल्लो जाती भए ?

हिन्दुहरु पश्चिम एसियाबाट सिन्धु नदी तरी आएका हुन भन्ने भनाई छ । यिनै हिन्दु अन्तर्गत पर्ने ब्राम्हण , क्षेत्री, सार्की, दमाई, कामी आदि जातीहरु पनि सँगै आए होलान भनि अनुमान गर्न सकिन्छ । किनकी सार्की , कामी, दमाई वस्ति ब्राम्हण, क्षेत्री वस्ती नजिकै हुनु यसको प्रमाण हुन आउँछ । यस्तो निकटता हुँदा हुँदै पनि एक जाती माथिल्लो  र अर्को जाती दलित किन भए होलान ?

कसै कसैले सार्की जातीको पूर्खा काशीबाट आए भन्ने भनाई पनि छ । सार्की जाती कहाँ, कसरी भए भन्नु भन्दा पनि जाती प्रथाको शुरुवात देखि नै यस जातीको अस्तित्व थियो होला ।

## २.२. सैद्धान्तिक पुनरावलोकन

यस अन्तर्गत **जि.एस. नेपालीले किर्तिपुरको पाँगा**लाई आधार बनाई लेख्नु भएको कृति "**The Newar** " मा प्रयोग गर्नु भएको **Structural Functionalism** लाई अनुसन्धान कर्ताले छनौट गरेको अध्ययन क्षेत्रमा पनि प्रयोग गर्न सकिन्छ । जसलाई निम्न अनुसार पुष्टि गरिएको छ ।

- एक आपसमा घरायसी विवाद लगायत अन्य विवाद भए पनि आफ्नो जात ठाउँको लागि एकिकृत हुनु ।
- सामुहिक भावना हुनु जस्तै अर्म, पर्म, ऐँचो, पैचो प्रथा कायमै हुनु ।
- विभिन्न साँस्कृतिक कार्यहरु जस्तै जन्मसंस्कार, मृत्यु संस्कार, पूजा विभिन्न चाड पर्वहरुमा आ-आफ्ना ईष्टमित्रहरु बोलाउने प्रचलन हुनु जसबाट भेटघाट भै समाज सन्तुलित हुन सहयोग पुग्दछ ।
- विभिन्न ठाउँमा देवी देवताका मन्दिरहरुमा लाग्ने जात्राहरु, भाकल, मनोरञ्जन आदि माध्यमबाट सहभागि हुनु ।
- खेतिपातीको काम जस्तै रोपाईं, दाईं आदिमा विभिन्न खानेकुरा बनाई ईष्टमित्र सँगसँगै खानपिन गरी सहयोग लिनेदिने गर्ने कार्य कायम हुनु ।
- बेलाबेलामा हुने आपसी मदभेद, झै झगडा आदिमा माथिल्लो जातका मानिसहरु जस्तै ब्राम्हण, क्षेत्रीहरु बोलाई सहयोग लिने प्रचलन देखिनु ।

➢ समाज सुस्त गतिले परिवर्तन हुनु ।

# अध्याय- तीन

## अनुसन्धान विधि

कुनै पनि क्षेत्र वा विषयसँग सम्बन्धित तथ्यहरुको बारेमा क्रमबद्ध एवं व्यवस्थित तरिकावाट अपनाइने अनुसन्धानको प्रक्रियालाई नै अनुसन्धान विधि भनिन्छ । अर्को शब्दमा अनुसन्धान कर्ताले आफ्नो अनुसन्धान समस्याको अध्ययन गर्दा प्रयोग गरेका सम्पूर्ण तरिकाहरुनै अनुसन्धान विधि हुन । यस अध्यायमा अनुसन्धान ढाँचा, अध्ययन क्षेत्रको छनौट, अध्ययनको समग्रता, तथ्याङ्ग संकलन विधि आदिको प्रयोग गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत अनुसन्धानमा वर्णनात्मक र अन्वेषणात्मक विधि अपनाई सार्की जातीको सामाजिक, साँस्कृतिक, आर्थिक अवस्था र तिनमा आएको परिवर्तनको अध्ययन गरिएको छ ।

### ३.२ अध्ययन क्षेत्रको छनौट

प्रस्तुत अनुसन्धानमा अध्ययन क्षेत्र सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं. ५ को आहाले गाउँलाई छनौट गरिएको छ ।

### ३.३ अध्ययनको समग्रता

अध्ययन क्षेत्रमा २० घर धुरी सार्कीहरु रहेका छन् । सबै घर धुरीहरुलाई अध्ययनमा समाविष्ट गरिएको छ ।

### ३.४ तथ्याङ्क स्रोत र प्रकृति

विना तथ्याङ्कको अध्ययन अनुसन्धान अपुरो हुने भएकोले यसमा पनि तथ्याङ्क संकलनको प्रयास गरिएको छ । यसमा प्राथमिक स्रोत र द्धितीय स्रोतको प्रयोग गरिएको छ ।

**क) प्राथमिक स्रोत :-**

यस विधिमा अनुसन्धान कर्ता प्रत्यक्षरुपमा अध्ययन क्षेत्रमा गई तथ्याङ्क संकलन गर्ने कार्य गरिन्छ । तथ्यांक संकलन गर्न अर्न्तवार्ता, सहभागी अवलोकन र क्षेत्रगत अध्ययन, जनगणना, मूख्य जानकार व्यक्तिहरुसँगको अर्न्तवार्ता जस्ता विधिहरु प्रयोग गरिन्छ । जुन निम्नाअनुसार छन् ।

**अ) अन्तरवार्ता**

यस विधिमा अनुसन्धानकर्ताले अध्ययनका विषयवस्तु सँग सम्बन्धित क्षेत्रकामानिसहरुसँग अन्तरवार्ताको माध्यमवाट जानकारी प्राप्त गरिएको छ ।

**आ) सहभागि अवलोकन र क्षेत्रगत अध्ययन**

यस विधिमा अनुसन्धान कर्ता अध्ययन क्षेत्रमा स्वयम् आफैं गई अवलोकन गरेर, प्रत्यक्ष देखेर, सुनेर तथ्याङ्क संकलन गर्दछन् ।

**इ) जनगणना**

यस विधिमा अध्ययन स्थलमा भएको सबै घरधुरी समेटेर तथ्याङ्क संकलन गरिएको हुन्छ । यस अनुसन्धानमा २० घरधुरी मात्र समेटिएकोले ऋभलकगक विधि उपयोग गरिएको छ

**ई) मुख्य जानकार व्यक्तिहरुसँगको अन्तरवार्ता**

यस विधिमा अनुसन्धानकर्ता आफैं उपस्थित भै त्यस टोलमा जान्ने बुझ्नेको रुपमा रहेका व्यक्तिहरुसँग अन्तरवार्ताद्धारा त्याहाँको समाजको विविध पक्षको जानकारी लिइएको छ

**ख) द्धितीय स्रोत**

यस विधिमा विभिन्न पुस्तक, पत्रपत्रिका, पूर्व प्रकाशित सोधपत्रहरु, इन्टरनेट आदि प्रयोग गरिएको छ ।

**३.५. तथ्याङ्कको विष्लेषण एवं प्रस्तुतिकरण**

कुनै पनि अध्ययन अनुशन्धानको सफलता र तथ्याङ्कको प्रभावकारी विष्लेषण नै प्रस्तुतिकरण हो तथ्याङ्क विष्लेषण गर्दा तथ्याङ्कलाई एकमुष्ट गरी वैज्ञानिक रुपले विशेषताका आधारमा तालिकीकरण गरी संख्यात्मक तथ्याङ्कलाई प्रतिशतमा प्रस्तुत गरीएको छ भने गुणात्मक तथ्याङ्कलाई सामान्य रुपमा वर्णन गरिएको छ ।

# अध्याय- चार

## सार्की जातिको सामाजिक, साँस्कृतिक पक्षको निरन्तरता

यस शिर्षकलाई निम्न उपशिर्षकहरुमा विभाजन गरिएको छ ।

**१. सामाजिक पक्ष**

**२. साँस्कृतिक पक्ष**

### ४.१ सामाजिक पक्ष

यस शिर्षकमा सार्की जातीसँग सम्बन्धित विभिन्न सामाजिक तथा साँस्कृतिक अवस्थाहरु जस्तै, जनसंख्या, परिवारको सदस्यहरुको तालिका, परिवारको किशिम, वैवाहिक स्थिति, शैक्षिक स्थिति, स्वास्थ्य स्थिती, महिलाको स्थिति, निर्णय प्रकृया, राजनीतिमा सहभागिता, स्वतन्त्र हिँडडुल, सासु बुहारी सम्बन्ध, परिवारनियोजन जस्ता कुराहरु उल्लेख गरिएको छ ।

### ४.१.१ जनसंख्या

कुनै पनि देश ठाउँको सामाजिक, साँस्कृतिक, आर्थिक, राजनैतिक र शैक्षिक स्थितिको परिवर्तनमा जनसंख्याको ठूलो भूमिका हुन्छ । कुनै पनि समाज वा समुदायको आकार, स्वरुप, सामाजिक सम्बन्ध र सामाजिक परिवर्तनमा प्रभाव त्यस समाज वा समुदायको जनसंख्याको आकार स्वरुप र वितरणले प्रभाव पार्दछ ।

अध्ययन स्थलमा रहेको २० घर परिवारमा १३८ जना जनसंख्यालाई लिङ्ग, उमेर समूहको आधारमा वर्गीकरण गरिएको छ । जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. १

### उमेरको आधारमा सार्कीजातीको जनसंख्या विवरण

| उमेर समूह (वर्ष) | पुरुष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-१४ | २३ | १६.७६ | १३ | ९.४१ | ३६ | ३६.३ |
| १५-५९ | ४५ | ३२.६ | ५० | ३६.२३ | ९५ | ६८ |
| ६० देखि माथि | ४ | २.८९ | ३ | २.११ | ७ | ५.० |
| जम्मा | ७२ | ५२.२५ | ६६ | ४७.७५ | १३८ | १०० |

**स्रोतः स्थलगत सर्भेक्षण-२०६८**

माथिको तालिकामा ०-१४ वर्षको उमेर समूहमा पुरुषको संख्या २३ जना, महिलाको संख्या १३ जना गरी जम्मा ३६ वा २६.१७ प्रतिशत छन् । उक्त उमेर समूहलाई विद्यालय जाने उमेर समुह, आर्थिक रुपमा आश्रित जनसंख्याको लिइए पनि यिनीहरु घरायसी कामहरु गर्ने, गाई वस्तु चराउने, खेतवारीमा काम सघाउने, आमा, बुबा, दाजु, दिदीहरुसँग मेलापात जाने जस्ता कामहरु गर्दछन् । यस्तै १५-५९ वर्षका उमेर समूहका जनसंख्यालाई आर्थिक रुपले सक्रिय जनसंख्याको रुपमा लिइन्छ । उक्त उमेर समुहका जनसंख्याले  विभिन्न आयमूलक कार्यहरु गर्ने गरेका छन् । कृषि कार्य, सरकारी, गैरसरकारी क्षेत्रमा जागिर खाने, विभिन्न वस्तुहरुको व्यापार गर्ने, ज्याला मजदुरी गर्ने जस्ता कार्यहरु गर्दछन् । परिवारको रेखदेखको जिम्वेवारी पनि यहि उमेरका जनसंख्यामा देखिन्छ । प्रस्तुत तालिकामा

यो उमेर  समूहको पुरुषको संख्या ४५ र महिलाको संख्या ५० गरी जम्मा ९५ जना वा ६८.८३ प्रतिशत छन । उक्त क्षेत्रमा काम गर्न सक्ने सक्रिय जनसंख्या अधाभन्दा वढि देखिनुले अध्ययन क्षेत्र आर्थिक रुपले राम्रो क्षेत्र मान्न सकिन्छ । यस्तै ६० वर्ष भन्दा माथि उमेरका जनसंख्यामा पुरुष ४ जना र महिला ३ जना गरी जम्मा ७ जना वा ५.० प्रतिशत देखिन्छ । उक्त उमेरका जनसंख्यालाई काम गर्न नसक्ने आश्रित जनसंख्याको रुपमा लिए पनि यिनिहरुले परिवारको रेखदेख नियन्त्रण, सानोतिनो घरायसी कामहरु गर्ने गरेको देखिन्छ । आर्थिकरुपले आश्रित मानिए पनि यो उमेर समूहका मानिसहरुले परिवारमा महत्वपूर्ण जिम्मेवारी लिएका हुन्छन् । संयुक्त परिवारहरुमा यो उमेर समूहका व्यक्तिहरु परिवारको मुख्य केन्द्रविन्दुको रुपमा चिनिन्छन् ।

## ४.१.२. परिवारको किसिम :-

परिवार समाजको आधारभूत एकाई हो । व्याक्तिको जन्म, लालनपालन, शिक्षा जस्ता कुराहरु परिवारवाटै हुन्छ । व्यक्ति परिवारवाट नै सामाजिक वन्दछ । संसारमा धेरै किसिमका परिवारहरु छन् । हाम्रो देशमा एकात्मक परिवार र संयुक्त परिवार नै पाइने हुँदा अध्ययन क्षेत्रमा पनि यिनै दुई किसिमका परिवार देखिन्छ । हरेक परिवारको संचालन, नियन्त्रण जस्ता कार्यहरु लोग्ने मान्छेको नियन्त्रणमा रहेको देखिन्छ । संयुक्त परिवारमा वुढा लोग्ने मानिसले काम गर्न नसक्ने हुँदा उ पछि जेष्ठ सदस्य  (लोग्ने मान्छे) ले परिवार संचालन गरेको    देखिन्छ । संयुक्त परिवारमा छोराछोरीको विहे भए पछि अंशवण्डाको नियम अनुसार अलग वसि एकात्मक परिवारको निर्माण गरेको पाइन्छ ।

एउटै छानामूनि बस्ने, एउटै भान्सामा भातखाने हजुरबुवा, हजुरआमा, आमावावु, काका काकी, छोरा छोरी, नातिनातीनाहरु आदिको समुहलाई संयुक्त परिवार भनिन्छ । यस्तै आमा, बाबु र अविवाहित छोराछोरी भएको परिवारलाई एकात्मक परिवार भनिन्छ । अध्ययन क्षेत्रको परिवारको किसिमलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. २**

**परिवारको किसिमको आधारमा उत्तरदाताको विवरण**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|

| | | |
|---|---|---|
| एकात्मक | ७ | ३५ |
| संयुक्त | १३ | ६५ |
| जम्मा | २० | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६८**

तालिका नं. २ मा अध्ययन गरिएको २० घर परिवारहरु मध्ये संयुक्त परिवारप्रतिको आर्कषण वढि देखिन्छ । जसमा ६५ प्रतिशत रहेको छ । यस्तै एकात्मक परिवार ३५ प्रतिशत रहेको छ । आधुनिक समयमा एकात्मक परिवार प्रतिको आर्कषण देखिए पनि अध्ययन क्षेत्रमा संयुक्त परिवारको आर्कषण देखिनुको प्रमुख कारणहरु निम्न लिखित छन् ।

क) परम्परागत कृषि प्रणाली भएकाले संयुक्त परिवारले जनशक्तिको माग पुरा गराउछ ।

ख) अध्ययन स्थलका केही मानिसहरु अर्काको खेत अधिया गर्ने, पशुहरु पाल्ने कामहरु गर्ने हुँदा परिवार संख्या धैरै हुँदा गाउँका जग्गावालाहरुसँग जग्गा प्राप्त गर्न सजिलो हुने ।

ग) वैदेशिक रोजगार लगाएत अन्य क्षेत्रमा रोजगारी गरिरहेकाहरुको परिवारको रेखदेख गर्न सजिलो हुने ।

यस्तै एकात्मक परिवार प्रति आर्कषण वढ्ने क्रम पनि पहिलेको तुलनामा वढेको छ । जसको कारण आफूखुसी आम्दानी खर्च गर्न पाइने, परिवारको संख्या र आम्दानीको श्रोत विच सन्तुलन गर्न पाईने लगायत पारिवारिक स्वतन्त्रताको प्राप्ती आदि देखिन्छ ।

## ४.१.३. बैबाहिक स्थिति

एउटा परिवार भित्र विभिन्न वैवाहिक स्थितिहरु पाइन्छ, जसमध्य कुनै विवाहित, अविवाहित कोही विधुवा, विदूर हुन्छन् । अध्ययनको क्रममा विभिन्न उत्तरदाताको वैवाहिक स्थिति निम्न तालिकामा देखाईएको छ ।

**तालिका नं. ३**

**वैवाहिक स्थितिको आधारमा उत्तरदाताको विवरण**

| बैबाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | २० | १९.६ |
| विधुवा | २ | १.९६ |
| विदुर | २ | १.९६ |
| अविवाहित | ७८ | ७६.४७ |
| जम्मा | १०२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६८**

माथिको तालिका अनुसार विवाहितको संख्या २० अर्थात १९.६  विधुवा र विदूरको संख्या २,२ जना अर्थात १.९६ प्रतिशत र अविवाहितहरुकोसंख्या ७८ जना वा ७६.४७  रहेको छ । संयुक्त परिवारको विवाहितहरु मध्ये जेठो वा आफूभन्दा माथिल्लो पिंढी घरमुली र एकात्मक परिवारमा आफैं घर मुली रहेको पाइयो र विधुवा, विदुरले स-साना घरायसी काम र परिवार संचालनमा अन्हाइ सिकाई गर्ने कार्य गरेको पाइन्छ ।

## ४.१.४. शैक्षिक स्थिति :-

मानिसहरुको जीवनको आँखा भने कै शिक्षा हो । विना शिक्षाको जीवन वास्तविक रुपमा अन्धकारमय हुन्छ । कुनै पनि परिवार, समाज, राष्ट्रको विकासमा सवैभन्दा महत्वपूर्ण पक्ष नै शिक्षा हो । अध्ययन क्षेत्रको लगभग ५ कि.मि. क्षेत्रभित्र ३ वटा प्रा.वि., ६ वटा उ.मा.वि., ३ वटा स्नातक र २ वटा स्नानकोत्तर तहसम्मको अध्ययन गरिने शैक्षिक संस्थाहरु भए पनि शैक्षिक स्थिति सन्तोषजनक छैन । वीचैमा स्कूल छोड्ने समस्याहरु पनि देखिन्छ । अध्ययन क्षेत्रका सार्की जातीको शिक्षाको अधारमा उनीहरुको विवरण निम्नलिखित छन् ।

**तालिका नं. ४**

**शिक्षाको आधारमा सार्की जातकिो विवरण**

| कक्षा | छोरा | छोरी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १-५ | २२ | १० | ३२ | ७२.७२ |
| ६-१० | १ | ४ | ५ | ११.३६ |
| ११-१२ | १ | ४ | ५ | ११.३६ |
| स्नातक | २ | | २ | ४.५४ |
| विद्यालय नगएका | छैनन | छैनन | | |
| जम्मा | २६ | १८ | ४४ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६८**

माथिको तालिका अनुसार विद्यालय जाने उमेर समूहका वालवालिकहरु मध्ये कक्षा १ देखि ५ सम्म छोरा २२ र छोरी १० गरी जम्मा ३२ जना अर्थात ७२.७२ प्रतिशत रहेको छ । यस्तै कक्षा ६ देखि १० सम्म पढ्न जाने छोरा १ र छोरी ४ गरी ५ जना अर्थात ११.३६ प्रतिशत छन् । कक्षा ११ र १२ मा छोरा १ र छोरी ४ गरी जम्मा ५ जना अर्थात ४.५४ प्रतिशत र स्नातक तहमा अध्ययन गरेका छोरा २ जना मात्र गरी ४.५४ प्रतिशत छन् । विद्यालय नगएका वालवालिका छैनन तर विद्यालय विचैमा छाड्ने प्रवृत्ति जस्ता समस्याहरु देखिन्छन् । विभिन्न गैरसरकारी संस्थाको पहुँचले प्रौढ शिक्षाको कार्यक्रम आदिले गर्दा उमेर काटिसकेकाहरुले पनि अक्षर चिनेका छन, निरक्षर पनि छन् । अध्ययन क्षेत्रमा २१ जना निरक्षर र १५ जना साक्षर पनि छन् ।

## ४.१.५. स्वास्थ्य स्थिथि :-

मानव जीवनका महत्वपूर्ण पक्षहरु मध्ये स्वास्थ्य पनि एक हो । व्यक्ति स्वस्थ्य भयो भने पढ्न, आय आर्जन गर्न आदि कर्यहरु गर्न सक्दछन् । अध्ययन स्थलमा हेर्दा अहिले विरामि हुँदा अस्पताल जाने प्रचलन वढेको छ । रेडियो टि.भी. जस्ता संचारका माध्यम र सरकारी गैरसरकारी संस्थाहरुको प्रयासले गर्दा स्वास्थ्य सम्वन्धि चेतनाहरु वढ्दै गएको छ । शोधकर्ता ले अध्ययन क्षेत्रमा गई प्रश्न गर्दा विरामी

हुँदा अस्पताल जानेहरुको संख्या पनि धेरै पाइयो । आफ्ना वच्चाहरुलाई खोप लगाउन अस्पताल लैजाने चलन अध्ययन क्षेत्रको सम्पूर्ण घरमा पाईयो । विभिन्न स्वास्थ्य शिविरहरुको फाईदा लिनेहरु पनि रहेछन् । सुत्केरी अस्पतालमा गराउने चलनले पनि वढ्वा पाउँदै गएको छ तर स्वास्थ्य सम्बन्धि चेतना वढ्दै गएतापनि धामी झाँक्रि, फुकफाक, भूत प्रेत पिशाच लाग्ने डर जस्ता अन्धविश्वासी कुराहरुमा विश्वास गर्ने चलन हराइसकेको छैन । कतिपयमा घरमा गई हेर्दा फुकफाक गर्ने र औषधी पनि खाने दुवै प्रचलन छ ।

## ४.१.६ महिलाको स्थिति :-

सार्की जाती पितृसत्तात्मक पुरुष प्रधान समाज हो पैतृक सम्पतिमाछोरा को अधिकार रहने अधिकांश परिवारहरुमा सम्पति लोग्ने मानिसको नाममा हुने । निर्णय प्रक्रियामा पुरुषको स्वविवेक हुने घर व्यवहारमा कुनै पनि निर्णण पुरुषको सहमति विना गर्न नसक्ने हुँदा महिलाको अवस्था दयनीय छ । अध्ययन क्षेत्रका महिलाको स्थितिलाई विभिन्न वुदाँहरुमा उल्लेख गरिएको छ जुन यस प्रकार छ ।

### ४.१.६.१. निर्णय प्रकृया :-

यस समुदायमा घर व्यवहार गर्न, छोराछोरीलाई स्कुल पठाउन, कामकाज गर्न र गराउन, चल अचल सम्पति किनवेच गर्न पुरुष घरमूलिको एक्लो निर्णय नै अन्तिम हुने । महिलालाई सहभागि गराइदैन । वढेको छोराछोरीको विवाह गर्दा पनि छोराछोरीसँग नसोधि वावुले नै निर्णय दिन्छन् ।

### ४.१.६.२. राजनीतिमा सहभागिता :-

यस समुदायका महिलाहरुमा राजनितिमा सहभागिता त्यति देखिदैन । पुरुषले जुन पार्टी वा व्याक्तिलाई भोट दिन्छन् त्यसैमा भोट दिने प्रचलन महिलामा छ । आफ्नो खुसी मतदान गर्नेहरु अत्यन्तै कम छन् ।

### ४.१.६.३. स्वतन्त्र हिँडडुल :-

यस जातिका महिलाहरु पुरुषको सहमति विना कहिँ पनि हिँडडुल गरेको पाइदैन । घरमा पुरुष नहुँदा सासुको सहमतिमा वा कसैलाई खवर छाडेर हिँडडुल गरेको पाइन्छ ।

### ४.१.६.४. सासु बुहारीको सम्बन्ध :-

सार्की जातीमा अन्य नेपाली जनजातिमा जस्तो महिला र पुरुष विच मात्र भिन्नता नभई महिला महिला विच पनि भिन्नता पाईन्छ । बुहारीलाई हरेक काममा सासुले बन्देज लगाउने प्रचलन छ । तर कसै कसैमा भने एकल परिवारको आर्कषणले गर्दा महिलाहरुले स्वतन्त्र निर्णय गरेको पनि पाइन्छ । स्वतन्त्र रुपले हिँडडुल गर्दा अरु सँग बोल्दा सासुको दृष्टि बुहारीमाथि नराम्रो पर्ने कुरा अध्ययनवाट देखिएको छ ।

### ४.१.६.५. परिवार नियोजन :-

अध्ययन स्थलमा गई हेर्दा यस जातीका मानिसहरु परिवार नियोजन प्रति आर्कषण वढेको छ । विभिन्न चेतनामूलक कार्यक्रमको प्रभावले गर्दा परिवार नियोजनको स्थायी र अस्थायी साधनप्रतिको आकर्षण वढेको हो । जिल्ला अस्पताल नजिकै भएको र उक्त अस्पतालमा मातृशिशु सेवा कार्यक्रम संचालन भएकोले परिवार नियोजनको साधनको प्रयोगमा सहजता आएको हो । पुरुषहरुले कडा परिश्रम गर्नुपर्ने, घर वाहिरको काममा पढि समय दिनुपर्ने भएका कारणले महिलाहरुले परिवार नियोजनको साधन वढी प्रयोग गरेका हुन् । यस्तै समय समयमा संचालन हुने शिविरहरुले गर्दा पनि परिवार नियोजनको साधनहरुको प्रयोगमा सहजता आएको हो । महिलाहरुले ल्याप्रोस्कोपि, डिपोप्रोमेरा, पिल्स आदि र पुरुषहरुले भ्यासेटोमी, कन्डम आदि प्रयोग गर्ने गरेको पाइन्छ ।

## ४.२. साँस्कृतिक पक्ष :-

सार्की जातीको पनि अन्य जातीको जस्तै विविध साँस्कृतिक पक्षहरु छन् । यस अर्न्तगत सार्की जातीका साँस्कृति पक्षहरु जस्तै जन्म संस्कार, अन्नप्राशन्न, विवाह, मृत्यु संस्कार, चाडपर्व, पूजाआजाहरु लगायत भेषभुषा, गरगहना, घरको वनावट भाडार्वतन आदिको अध्ययन गर्न खोजिएको छ ।

### ४.२.१. जन्म संस्कार :-

सार्की जातिको विभिन्न परम्पराहरु मध्य जन्म संस्कार पनि एक हो । प्रकृतिले नै महिलालाई वच्चा जन्माउन, हुर्काउन अनुमति दिएको छ । यस जातीमा महिलाले गर्भवति भएको वेलामा डोरी नाध्न नहुने, ग्रहण हेर्न नहुने, मन्दिरमा जान नहुने जस्ता संस्कारहरु  छन् । वच्चा जन्मेपछि आफ्नो

कुल वंशका दाजुभाईहरुले सुतक वार्नु पर्ने मान्यता यस जातिमा पनि छ वच्चा जन्मिएपछि सामान्यतया छोरीको ५ दिन र छोराको ११ दिनमा न्वारन गरिने चलन छ । तर कुनै ठूलो चाडपर्व, कसैको विवाह र कोही नातेदार मर्नलागेको अवस्थामा आफन्तको सल्लाहमा चाँडै नै न्वारन गरेको अवस्थाहरुपनि पाइन्छ । न्वारनको दिन सुत्केरी आमा र वच्चालाई नुवाइधुवाई घर लिपपोत गरी चोखो वनाईन्छ र पुरोहित वा आफ्ना भान्जा वा ज्वाँइ वोलाई वच्चाको नामाकरण गरिन्छ । वच्चाको नामाकरण भए पछि सुतक चोखिएको मानिन्छ ।

## ४.२.२. अन्नप्राशन :-

सार्की जातीको वच्चा जन्मिएपछि ५ देखि ६ महिनामा भात ख्वाउने चलन छ । अध्ययन क्षेत्रका व्याक्तिहरु सँग बुझ्दा छोरोको ६ महिना र छोरीको ५ महिनामा भात ख्वाउने चलन छ । अन्नप्राशन्नलाई कसैले पास्नी, भातख्वाइ गर्ने, जस्ता शब्दहरुको सम्बोधन गर्दछन् । अध्ययन क्षेत्रमा भात ख्वाउने शब्द वढी प्रचलित छ । भात ख्वाउने वेलामा आ-आफ्नो गच्छेअनुसार नातागोता, इष्टमित्रहरुलाई वोलाउने चलन छ । उक्त दिन वच्चालाई नयाँ लुगा लगाई सकेसम्म घरको जेष्ठ सदस्यवाट भात ख्वाउने चलन छ । कसै कसैमा यो विधि गर्दा कस्को हातवाट जुर्छ भनेर जुराउने चलन पनि छ । भात ख्वाइएको समयमा मावलि पटिको पनि विशेष महत्व हुन्छ । मावलि घरवाट कोसेलिहरु लिएर आउने चलन छ । यसमा आ-आफ्नो गच्छेअनुसार आफन्त, नातागोता, इष्टमित्रहरु वोलाई भोज ख्वाउने चलन पनि छ ।

## ४.२.३ विवाह :-

विवाह एउटा सामाजिक साँस्कृतिक संस्था हो । विवाहवाट नै मानिसलाई यौन सम्पर्कको अनुमति समाजले दिन्छ । सृष्टिको निरन्तरता पनि विवाह नै हो । हरेक समाजमा विवाह हुन्छ तर धार्मिक तथा साँस्कृतिक प्रचलन भने फरक हुन्छ ।

संसारमा धेरै किसिमका विवाहका प्रकारहरु छन् । अध्ययन क्षेत्रका सार्की जातीहरुमा विशेष गरी मागी विवाहको प्रचलन वढी छ । तर हिजोआज प्रेम विवाह, अन्तरजातिय विवाह आदिको प्रचलन पनि नवढेको होइन । सार्की जातीका केहि विवाहहरुलाई अध्ययन क्षेत्रको आधारमा निम्नानुसार उल्लेख गरिएको छ ।

### क) मागी विवाह :-

उमेर पुगेका केटाकेटीहरुको उनिहरुको अभिभावकको सल्लाह र सहमतिमा गरिने विवाह नै मागी विवाह हो । यस्तो किसिमको विवाहामा वावु आमा वा अभिभावकले केटा केटी हेरेर विवाह गरिदिन्छन् । अध्ययन क्षेत्रमा गई हेर्दा मागी विवाहको प्रचलन वढी   पाइन्छ । यसमा केटा केटी हेरि विवाहको दिन निश्चित गरि उक्त दिन दुलाहा पक्षले जन्तिलिई दुलहिको घरमा जान्छन् । पुरोहितद्वारा कर्म गराई वेहुली अन्माएर वेहुलाको घरमा भित्त्र्याइन्छ । विवाहमा आ-आफ्नो नातागोता इष्टमित्रहरुलाई वोलाई भोज ख्वाइन्छ । विवाह गर्दा अफ्नो नाता सम्वन्ध भित्र गरिदैन ।

### ख) चोरी विवाह :-

यस्तो विवाहमा केटा केटी बाबु, आमाको सहमति नलिकन आफूखुसी विवाह गर्दछन् । चोरी विवाहको सुधारिएको रुप प्रेम विवाह हो भन्दा पनि हुन्छ । यस्तो विवाहले हिजो आज प्रश्रय पाईरहेको छ । अध्ययन क्षेत्रमा गई हेर्दा यस्तो विवाह पनि देखिन्छ । त्यस्तै अन्तरजातिय विवाह गर्ने जोडि पनि देखिएका छन् । अध्ययन क्षेत्रमा १ जोडीले अर्न्तजातिय विवाह गरेका छन् ।

### ग) जारी विवाह :-

अर्काकी श्रीमति कसैले भगाइ लगि आफ्नो श्रीमति वनाएमा पहिलाको श्रीमानलाई विवाहमा लागेको रकमको केहि खर्च वापत केहि रकम तिर्दछन भने त्यसलाई जारी विवाह भनिन्छ । अध्ययन क्षेत्रमा गई शोधखोज गर्दा पुराना मानिसहरुवाट जारी विवाहको कथा सुनिन्छ तर तर हाल गर्नेहरु देखिदैनन् ।

### घ) विधुवा विवाह :-

विवाहित श्रीमति श्रीमानको मृत्यु भएमा विधुवा हुन्छे र विवाहित श्रीमान श्रीमतिको मृत्यु भएमा विदुर हुन्छ । अध्ययन क्षेत्रमा गई हेर्दा विधुवा महिलाको पुन : विवाह भएको पाइदैन तर श्रीमति मरेका विदुरहरुले आफ्नो घरधन्दा चलाउन तथा व्यवहार नविगार्न पुन : विवाह गरेको देखिन्छ ।

सार्की जातीहरुको विवाह पद्धति हेर्दा आफ्ना नाता, एउटै गोत्रका र अन्य जातीसँग विवाह गर्न वन्देज छ ।

## ४.२.४. मृत्यु संस्कार :-

संसारका जिवित वस्तुहरुको एउटा साझा गुण मृत्यु हो । मानीस पनि जीवित वस्तु नै भएकोले मृत्यु निश्चित छ । संसारका मानिसहरु विभिन्न धर्म र संस्कृतिमा विभाजित भएकाले हरेकमा आ-आफ्नै मृत्यु संस्कार पाइन्छ । अध्ययन क्षेत्रका सार्की जातीहरु हिन्दु धर्मावलम्वि भएकाले मृत्यु संस्कार पनि हिन्दु विधि अनुसार नै गरिएको पाइन्छ । यस जातीका कोहि मानिस मरेमा आँगनमा लिपपोत गरि राखिन्छ । आ-आफ्नो बन्धु, नातागोता, छरछिमेकी, इष्टमित्रहरु जम्मा भई लासलाई घाटमा पु¥याइन्छ । जेठो छोराले दागवत्ती दिने चलन छ । हिन्दु संस्कारमा मानिसको सास घर भित्र नजाओस भन्ने मान्यता यस जातीमा पनि छ । त्यसैले मानिस मर्न लागेमा सकेसम्म वाहिर निकाल्ने चलन छ । लास जलाई सकेपछि छोरा हुनेले घाटमै कपाल खौरी सेतो वस्त्र लगाई मलामी सँगै घर फर्कि १३ दिनसम्म क्रिया वस्ने, घर परिवार र आफ्ना नजिकका दाजुभाईहरुले नुन नखाने चलन छ । लोग्ने मानिस मरेमा उसका श्रीमति समेत छोरोहरुले र स्वास्नी मानिस मरेमा छोराहरुले मात्र वर्षभरी सेतो लुगा लगाउने चलन छ । तर समयको परिर्वतनसँगै विभिन्न पेशामा संलग्न भएको कारणले सेतो लुगा लगाउन असजिलो महसुश गर्नेहरुले १३ दिन पछि आवश्यकता अनुसार सेतो लुगा नलगाउने चलन पनि छ । मानिस मरेको एक वर्ष पछि वरखि गर्ने चलन छ । मृत शरीरको क्रियाकर्म राम्रो गरि नगरेमा मृतआत्माले दुःख दिन्छ भन्ने मान्यता यस जातिमा छ ।

## ४.२.५ चाडवर्पहरु :-

विविध जातीका विविध चाडपर्वहरु भए जस्तै सार्की जातीको पनि विभिन्न चाडपर्वहरु छन् । यस जातीले पनि रमाइलो गरी चाडपर्वहरु मनाउँछन् । यस जातीका चाडपर्वहरुमा विषेश गरी साउने संक्रान्ति, तिज, दशै, तिहार, माघे संक्रान्ति आदि छन् । साउने संक्रान्ति, दशै, माघे संक्रान्तिमा मासुको

वढी प्रयोग हुन्छ । उक्त चाडपर्वहरुको लागि मासुको  व्यवस्था अगाडीनै गरिएको हुन्छ । तिहारमा मासु सँगै रोटीको प्रयोग गरिन्छ । दशै तिहार जस्ता ठूला चाडपर्वहरुमा घर वाहिर रहेका सदस्यहरु घरमै आउनु पर्दछ भन्ने मान्यता पनि छ । यसर्थ ठूला चाड भेटघाटको माध्यम पनि हो । चाडपर्वमा जाड तथा रक्सीको प्रयोग वढि गर्ने गरेको पाइन्छ ।

### ४.२.६. पूजा :-

सार्की जातीहरु हिन्दु धर्मावलम्वी भएकाले हिन्दु धर्मका देविदेवताहरु प्रतिको विश्वास यस जातीमा पनि रहेको छ । भगवान खुसीभएमा पापवाट मुक्त हुइन्छ, स्वर्गमा वास हुन्छ, दैनिक व्यवहारहरुमा समस्याहरु हुँदैनन् भन्ने धारणाहरु यस जातीमा पाईन्छ । यी कारणहरुले गर्दा यिनिहरु विभिन्न देवदेविहरुको पूजा आज गर्दछन् । दैनिक व्यावहारमा अफ्ट्याराहरु पर्दा भगवानको नाममा विभिन्न पशुपंछिहरुको भाकल गर्ने, दर्शन गर्न आउछु भन्ने वाचा गर्ने चलन यस जातीमा छ । यिनीहरु पूजा गर्दा ब्राम्हण पुरोहित वा आफ्ना भान्जा वा ज्वाई आदिवाट पूजाआजा गराउँछन् ।

### ४.२.७ भाषा :-

मानिसको अन्य प्राणीहरु भन्दा सर्वश्रेष्ठ हुनुको मुख्य कारण प्रष्ट भाषा हो भाषा कै माध्यमवाट मानिसले विचारहरुको आदानप्रदान एक अर्कामा पुऱ्याउँछन् । यस जातीको आफ्नै कुनै जातीय मातृभाषा छैन, ब्राम्हण, क्षेत्रीहरुको जस्तै नेपाली नै मातृभाषा रहेको छ ।

### ४.२.८. भेषभुषा :-

कुनै पनि व्यक्तिको लवाई खुवाई र भेषभुषालाई भौगोलिक क्षेत्रले ठूलो प्रभाव पारेको हुन्छ । यस जातीको भेषभुषामा पनि भौगोलिक क्षेत्रको  प्रभाव परेको छ । यिनीहरुको भेषभुषा पनि समाज परिर्वतन सँगै वदलिएको पाईन्छ । सार्की जातीको पोशाकमा पनि मौसम, उमेर, आर्थिक स्तर आदिले प्रभाव पारेको हुन्छ । पुराना विशेष गरी वृद्ध पुरुषहरु कुर्ता सुरुवाल, टोपी, जुता चप्पल आदि लगाउछन् । वृद्ध महिलाहरु सारी, चोलो आदि लगाउँछन् युवायुवतीहरु सर्ट, पाइट, टि-सर्ट कुर्था सुरुवाल, जुत्ता चप्पल जस्ता आधुनिक डिजाइनका पोशाकहरु लगाउन मन पराउँछन । जाडो महिनामा कोट, स्वीटर, गलवन्दि, ज्याकेट आदिको प्रयोग पनि गर्छन । पोशाकहरुको प्रयोगमा आर्थिक श्रोतले प्रभाव पारेको

हुन्छ । कतिपयले आर्थिक अभावले गर्दा चाहेर पनि आधुनिक पोशाकहरुको प्रयोग गर्न पाएका छैनन् । सस्ता चिनियाँ पोशाकहरुले आधुनिक भेषभुषामा प्रशस्त प्रभाव पारेको छ । यस ठाउँको मानिसहरुको भेषभुषा अन्य ठाउँको मानिसहरुको जस्तै समान्य छ ।

## ४.२.९. गरगहना :-

गरगहना वढी मात्रामा महिलाले प्रयोग गरेको पाइन्छ । गहनाको प्रयोगमा आर्थिक स्रोतले प्रभाव पारेको हुन्छ । अर्थात गहनाको प्रयोग गच्छेनुसार भएको पाइन्छ । यस जातीको आफ्नै जातीय पहिचान दिने खालको गहनाहरु छैनन् । केही आर्थिक रुपले सम्पन्नहरुले घाँटीमा सिक्रि, औलामा अंगुठी, कानमा कुन्डल, नाकमा फूली आदि गहनाहरु र विवाहितले पोते, तिलहरी लगाउँछन । चाडपर्वहरुमा महिलाहरुमा गहनाको प्रयोग वढेको पाइन्छ ।

वढ्दो गहनाको कारणले अस्वस्थ्य वातावरण पनि सृजना गरेको छ । कतिपय धार्मिक, सामाजिक कार्यहरुमा गहना छैन भनेर नै चाहेर पनि जान नसकेको कुराहरु पनि सुनिन थालेको छ । सुनको मूल्यमा भएको वृद्धिले चोरी डकैतीको त्रास पनि उब्जेको छ । हिजो आज सुनको जस्तै रङ्ग भएका गहना प्रयोगमा वृद्धि आएको छ ।

## ४.२.१० भाँडावर्तन :-

यस जातीले प्रयोग गर्ने भाँडावर्तनहरु अन्य जातीले प्रयोग गर्ने जस्तै छ । समयको परिवर्तनहरुसँगै भाँडावर्तनको प्रयोगमा पनि परिवर्तन आएको देखिन्छ । पहिले, पहिले प्रयोग हुने सिल्भर, ढलोटको ठाउँमा नयाँ नयाँ स्टिल आदिका भाँडाहरुको प्रयोग गर्ने गरेको देखिन्छ । गाग्री, प्रेसर कुकर फलामको कराई, स्टिलको थाल, गिलास आदिको प्रयोग भई आएको छ । पुराना मानिसहरुको घरमा ढलोटको अम्खरा, करुवाको प्रयोग अझै पनि देखिन्छ ।

# अध्याय- पाँच

## सार्की जातिको आर्थिक पक्ष

कुनै पनि समाजको समुन्नत विकास गर्न त्यस समाजको आर्थिक विकास हुनपर्दछ । मानिसको गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य जस्ता आधाभूत आवश्यकताहरु देखि साँस्कृतिक मूल्य मान्यता, रितिरिजाज, परम्परा आदि कुराहरुमा आर्थिक पक्षको ठूलो भूमिका रहन्छ । समाज स्तरीकृत आर्थिक कारणवाट नै हुन्छ । आर्थिक कारणले मानिसहरु देश विदेश भौतारिरहेका हुन्छन ।

यस अर्न्तगत सार्की जातीको आर्थिक अवस्थासँग सरोकार राख्न प्रमूख भूमिका खेल्ने तत्वहरु पेशा, भूस्वामित्व, वार्षिक आम्दानी, खर्च, ऋण तथा वचत आदिको चर्चा गरिएको छ ।

### ५.१. पेशा :-

जाती व्यवस्थामा आधारित समाजको एउटा विशेषता नै परम्परागत पेशा हो । नेपालका चार जात ब्राम्हण, क्षत्रि, वैश्य र शुद्रको आ-आफ्नै परम्परागत पेशा छ । तर हालको आधुनिक समाजमा आफ्नो ज्ञान सीपमा आधारित पेशामा समाजिक मान्यता पाउन थालेपछि परम्परागत पेशा विस्तापित हुदै गएको छ । यस जातीको परम्परागत पेशा जुत्ता सिउने, छालाको काम गर्ने पेशा अध्ययन क्षेत्रमा गई हेर्दा कसैले गरेको देखिदैन् । अध्ययन क्षेत्रमा मानिसहरु कृषि, मजदुरी, नोकरी आदि पेशा गर्ने गरेको पाइन्छ । अधिकांश मानिसहरु कृषि पेशामा संलग्न छन् । नोकरी गर्नेहरु २ जना छन् । श्रमिक, ज्याला, मजदुरी गर्नेहरु पनि भेटिन्छन् ।

### ५.२. भू-स्वामित्व :-

नेपाल एक कृषि प्रदान देश भएकाले कृषि पेशाका मानिसहरुमा कृषि उत्पादनका लागि जग्गा जमिनको स्वामित्ववाट नै धनि र गरीवको मापन गरिन्छ । अर्थात जो सँग जमिन वढी छ उ धनि र जो सँग जमिन कम छ उ गरिव भन्ने चलन छ । अध्ययन क्षेत्रका मानिसहरु अर्काको खेतवारी वट्टैया गर्ने गर्दछन जसले गर्दा उनिहरुमा जसले वढि जग्गा वट्टैया गर्न पाउँछ उ वढि सम्पन्न देखिने प्रचलन पनि

छ । तर हाल शिक्षाको चेतनाको विस्तारले गर्दा रोजगारीका अन्य अवससरहरु प्राप्त भइरहेको हुनाले अँधिया वट्टैया प्रथा कम हुँदै गइरहेको छ ।

नेपाल सरकार नापी विभागले वर्गीकरण गरेको अब्वल, दोयम, सिम र चाहार मध्य अब्वल दर्जाको जमिन यस क्षेत्रमा छैन । भू-स्वामित्वको आधारमा उत्तरदाताको विवरण निम्नलिखित छन् ।

**तालिका नं. ५**

**भू-स्वामित्वको आधारमा सार्की जातीको विवरण**

| जग्गाको विवरण कट्ठामा | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| जग्गा विहिन | | |
| १-५ कट्ठारसम्म | १ | ५ |
| ५-१० कट्ठासम्म | २ | १० |
| १०कठ्ठा-माथिसम्म | १७ | ८५ |
| जम्मा | २० | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६८**

माथिको विवरण अनुसार सर्वेक्षण गरिएका २० घर धुरिहरु मध्य जग्गाविहिन कोहि पनि देखिएन । १ कट्ठा देखि ५ कट्ठा सम्म जग्गा भएका १ घरधुरी अर्थात ५ प्रतिशत, ५ कट्ठा देखि १० कट्ठासम्म जग्गा भएका २ घरधुरि अर्थात १० प्रतिशत, १० कट्ठा देखि माथि सम्म १७ घरधुरि अर्थात ८५ प्रतिशत देखियो ।

हरेक घरधुरीसँग केहि न केहि जग्गा भए पनि परम्परागत खेति प्रणाली, रासायनिक मलको वढी प्रयोगको चलनले गर्दा आम्दानी भन्दा खर्च वढी लाग्ने, आधुनिक प्रविधिको ज्ञानको अभाव आदिले गर्दा प्रयाप्त आम्दानी लिन सकिरहेको अवस्था छैन । जसले गर्दा गाउँका अन्यका जमिन अंधिया गर्ने, कृषि मजदुरी गर्ने आदि कामहरु गर्ने गर्दछन् ।

त्यस्तै जग्गामा धानवालि भन्दा वढी आम्दानी हुने अन्य वालिहरु जस्तै मौसमी, बेमौसमी तरकारिहरु आदि वालीहरु लगाउन सिकाउने चेतना मूलक कार्यक्रमहरु चलाउन सके उनिहरुसँग भएको जग्गावाट पर्याप्त आम्दानी लिन सक्ने देखिन्छ ।

अध्ययन क्षेत्र नगरपालिका भित्र परेकाले जग्गाको मूल्य निरन्तर वढि रहेकोले जग्गा विक्रि गर्ने प्रचलन वढी मानिसहरु सुकुम्बासी वन्न सक्ने वा अन्यत्र वसाइसराइको सम्भावना पनि देखिन सक्छ ।

## ५.३. खाद्यन्नको प्रर्याप्तता :-

यस क्षेत्रमा उर्वरायोग्य पर्याप्त जमिनहरु नभएकै कारणवाट खाद्यन्नमा अप्रयाप्ताको स्थिति आएको हो । यस्तो अवस्थावाट वच्न आफ्ना गाउँका व्राम्हण, क्षेत्री परिवारका जमिनहरु अंधिया गर्ने प्रचलन चलेको छ । समयको परिर्वतनसँगै समाजमा आएको परिर्वतनले आफ्नो पेशामा पनि परिर्वतन गर्दै आएका छन् । जस अर्न्तगत वैदेशिक रोजगार, दैनिक मजदुरी, कृषि उपजहरुको व्यापार गर्ने आदि पेशाहरु छन् । यी पेशाहरुवाट नगद आम्दानीमा वृद्धि भएको छ । जसको कारण खाद्यन्न किन्ने प्रचलन शुरु भएको छ ।

यस्तै खेति गर्ने परम्परागत प्रणाली, जाँड रक्सीको वढ्दो प्रयोग, फजुल खर्च आदिले प्रभाव परेको छ । अध्ययन क्षेत्रका सार्की समुदायहरुमा रहेको खाद्यन्नको प्रयाप्ततालाई घरधुरी संख्याका आधारमा निम्नअनुसार तालिकामा देखाएको छ ।

**तालिका नं. ६**

**खाद्यन्नको पर्याप्तताको विवरण**

| खान पुग्ने अवधि | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| ०-३ महिना | १ | ५ |
| ०-६ महिना | १७ | ८५ |
| ६-९ महिना | २ | १० |
| जम्मा | २० | १०० |

**स्रोत :- स्थलगत सर्वेक्षण, २०६८**

माथिको तालिका अनुसार आफ्नो जमिनको उत्पादनवाट १ घरधुरी वा ५ प्रतिशत लाई ३ महिना, १७ घरधुरीलाई वा ८५ प्रतिशतलाई ०-६ महिना र ६-९ महिना सम्म खान पुग्ने २ घरधुरी वा १० प्रतिशत खान पुग्ने देखिन्छ । यसवाट के प्रष्ट हुन्छ भने आफ्नो जमिनको उत्पादनवाट कसैलाई पनि वर्षभरि खान पुग्दोरहेनछ ।

## ५.४. बार्षिक आम्दानी :-

कृषि नै प्रमुख पेशा वनाई आएका सार्की जातीहरुसँग प्रयाप्त उव्जाउ जमिन नभएका कारण आर्थिक रुपमा पिछडिएर वसेका छन् । समाजमा आएको परिवर्तन सँगै विभिन्न वस्तु तथा सेवाको माग वढिरहेको क्रममा आँफूलाई पनि समयसापेक्ष वनाउन विभिन्न वस्तु तथा सेवाको माग वढीरहेको क्रममा आँफूलाई पनि समयसापेक्ष वनाउन विभिन्न वैकल्पिक पेशाहरु रोज्न यो जाती वाध्य छ । यस क्षेत्रका सार्कीहरु विविध पेशाहरुको माध्यमवाट कोहि कोहिको जीवनस्तर राम्रो देखिन्छ । सार्की जातीको वार्षिक आम्दानीको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७**

**उत्तरदाताको वार्षिक आम्दानीको विवरण**

| रकम रु. | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| १०००-२५००० सम्म | १० | ५० |
| २५०००-५०००० सम्म | ८ | ४० |
| ५०००० भन्दा माथि | २ | १० |
| जम्मा | २० | १०० |

**स्रोत : स्थलगत विवरण २०६८**

माथिको तालिकाको अध्ययन गर्दा रु. १००० देखि २५००० सम्म कमाउने परिवार संख्या १० जना वा ५० प्रतिशत, रु. २५००० देखि ५०००० सम्म कमाउने परिवा संख्या ८ जना वा ४० प्रतिशत र रु. ५०००० भन्दा वढी कमाउने परिवार संख्या २ जना वा १० देखिन्छ । यी तालिकाको

अध्ययनवाट के देखिन्छ भने आधि ५० प्रतिशत घर परिवारलाई आधारभूत आवश्यक्ता परिपुर्तिको लागि संघर्ष नै गर्नुपर्ने देखिन्छ । रु. २५००० देखि ५०००० सम्म कमाउनेहरुमा सामान्य गाउँ घरमा तरकारि, फलफूल, दुध व्यापार गर्ने ज्याला मजदुर गर्ने सामान्य खेतिपाती गर्नेहरु पर्दछन् यीनिहरुको संख्या ४० प्रतिशत रहेको छ । त्यस्तै रु. ५०००० भन्दा वढी कमाउनेहरुमा सरकारी, गैरसरकारी क्षेत्रमा कार्यरत, वैदेशिक रोजगारीमा जानेहरु आदि पर्दछन् ।

## ५.५. वार्षिक खर्च :-

कुनै पनि व्याक्तिको परिवारको खर्चको सम्वन्ध त्यस व्यक्ति वा परिवारको आम्दानीसँग प्रत्यक्ष रुमामा रहेको हुन्छ । आम्दानी धेरै भयो भने खर्च गर्ने प्रवृति वढ्छ । अध्ययन क्षेत्रमा गई हेर्दा धेरै आम्दानी गर्ने व्याक्ति तथा परिवारको जीवनशैलि माथिल्लो देखिन्छ । नेपलमा वसोवास गर्ने परिवारको खर्चको विवरण निकाल्न गाऱ्हो हुन्छ किनकि परिवारिक वजेट बनाउने प्रचलन छैन् । आँफुसँग पैसा भए खर्च गर्ने नभए नगर्ने अफठ्यारो पर्दा सापटी लिने चलन हाम्रो देशमा छ । अध्ययन क्षेत्रमा पनि त्यहि प्रचलन छ । अध्ययन क्षेत्रका २० घरपरिवारको खर्चको विवरण मोटामोटी तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८**

**खर्च विवरण**

| रकम रु. | संख्या | प्रतिशत |
|---|---|---|
| १०००-२५००० | १० | ५० |
| २५०००-५०००० | ८ | ४० |
| ५०००० भन्दा माथि | २ | १० |
| जम्मा | २० | १०० |

**स्रोत :- स्थलगत सर्वेक्षण, २०६८**

माथिको तालिकाअनुसार अध्ययन गरिएको २० घरपरिवार मध्य रु. २५००० सम्म खर्च गर्न सक्ने परिवार संख्या १० वा ५० प्रतिशत, रु. २५००० देखि ५०००० सम्म खर्च गर्ने संख्या ८ वा ४० प्रतिशत र रु. ५०००० भन्दा माथि खर्च गर्न सक्ने २ जना वा १० प्रतिशत रहेको छ। आम्दानी वढी हुनेहरु वचत गर्ने, आधुनिक उपकरणहरुको उपभोग वढि गर्ने, जीवनशैलि आधुनिक वनाउने वा परिर्वतन गर्न खोज्ने देखिन्छ

## ५.६. बचत तथा ऋण :-

सार्की जातीको आर्थिक स्थिति अन्य जातीको तुलनामा कमजोर नै छ। यीनिहरुको परिवारको संख्या र आम्दानीको स्रोतलाई हेर्दा बचत गर्ने सम्भावना कम छ। यस क्षेत्रमा विभिन्न वचत समूह, सहकारी आदिको स्थापनाले केहि मात्रामा वचतको वानी वसालेको छ। उक्त वचत समूह, सहकारी आदिमा अनिवार्य मासिक वचत गर्दा कम ब्याजमा ऋण पाइने हुनाले मानिसको आकर्षण वढेको पाइन्छ। यसवाट उनिहरुमा वचत गर्ने वानी, साहुको महँगो ब्याजवाट मुक्ति जस्ता सुविधाहरु थपिएको छ।

अध्ययन क्षेत्रका सार्की जातीको ऋणको अवस्था हेर्दा धेरै जसोले घर खर्च, विवाह, वैदेशिक रोजगारीमा जाने आदि काममा लिने गरेको देखिन्छ। फजुल खर्च गर्ने वानी, विभिन्न धार्मिक तथा साँस्कृतिक कार्यमा धेरै खर्च गर्दा सामाजिक प्रतिष्ठा वढ्छ भन्ने सोचाईले पनि ऋण वृद्धि भएको देखिन्छ। ऋण लिन कृषि विकास वैक, विभिन्न वाणिज्य वैंकहरुको स्थापनावाट पनि ऋण लिनेहरुको संख्या वढेको छ। ऋण लिने क्रम सँगै ऋण तिर्न गाऱ्हो भएको समस्या सवैमा छ। उत्तरदाताको ऋणको विवरणहरुलाई निम्न तालिकाको माध्यमवाट देखाइएको छ।

**तालिका नं. ९**

**उत्तर दाताको ऋणको विवरण**

| ऋणको विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| विवाह | ४ | २० |
| घरखर्च | १२ | ६० |
| वैदेशिक रोजगार | ४ | २० |
| जम्मा | २० | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६८**

माथिको तालिका हेर्दा विवाहको लागि ऋण लिने परिवारको संख्या ४ वा २०%, घरखर्चको लागि ऋणलिने परिवारको संख्या १२ वा ६०%, र वैदेशिक रोजगारको लागि ऋण लिने ४ वा २०% परिवार संख्या रहेको छ ।

माथिको तालिका अनुसार वैदेशिक रोजगारका लागि ऋण लिनेहरु अर्न्तगत ऋण लिनेहरु सवैभन्दा वढी व्याज तिर्नेहरुमा पर्दछन् ।

अध्ययन क्षेत्रका सार्की जातीहरु विभिन्न सहकारी समुह, विभिन्न कृषि, तरकारी, पशुपछिं सम्बन्धी आदि समूहहरुमा अनिवार्य वचत गर्ने र ऋण लिने गर्ने गर्दछन् । यस्ता समूहहरुको स्थापनावाट सहजै कम व्याजमा ऋण पाउनुको साथै वैंकहरुको झन्झटिलो प्रावधानवाट पनि राहात पाएका छन् ।

## ५.७. आधुनिक उपकरण :-

सार्की समुदायको आम्दानीको श्रोत वढ्दै गएपछि समयअनुसार वजारमा आएका आधुनिक उपकरणहरुको प्रयोग पनि वढिरहेको छ । आधुनिक अपकरणहरुको प्रयोग वढ्नुको प्रमुख कारण सस्ता चिनियाँ सामानले गर्दा पनि हो भन्न सकिन्छ । यस्तै शिक्षा चेतना आदिले मानिसको सोचमा आएको परिर्वतनले पनि विभिन्न आधुनिक उपकरणहरुको प्रयोग वढाएको हो । केही घरहरुमा डि.टि.एच. एन्टिनाको प्रयोगबाट टेलिभिजन कार्यक्रम हेरेको पनि पाइयो अध्ययन क्षेत्रका सार्की जातीहरुमा गरिएको आधुनिक उपकरणको प्रयोग सम्बन्धि अध्ययन अनुसार टेलिभिजन ५ घर परिवारसँग, मोटर साइकल १ जनासँग, मोवाइल २० जना सँग रहेको पाइयो र रेडियो अधिकांशको घरमा रहेछ ।

## ५.८. घरको वनावट :-

कुनै पनि समुदायको वसोवासको शैलि घरको वनावटलाई त्यस ठाउँको हावापानी, प्राकृतिक श्रोत, आर्थिक आवस्था, शिक्षा, चेतनाले प्रभाव पारेको हुन्छ ।

अध्ययन क्षेत्रका सार्की जातीहरु हेर्दा उनिहरुको घरमा केहि मात्र नयाँपन थपिएको छ । यीनिहरु आÇनो घर वनाउँदा ढुङ्गा, माटोको गारो लगाउने, माथिल्लो भागमा काठ वा वाँसको वेरा र छानोमा

जस्ता,टायल लगाएको पाइन्छ । प्राय घरहरुमा तल्लो तलामा वेरा लगाई एकापट्टि भान्सा कोठा र अर्को तिर गाई, बाख्रा, कुखुरा आदिको लागि छुट्याइएको हुन्छ । आफन्त नातेदार, पाउना आउँदा छुट्टै ओछ्यानको व्यवस्था गरिएको हुन्छ । खाट र पलङको पनि प्रयोग भएको पाइन्छ । घरहरु सफासुग्घर छन । आफन्त चिनेजानेकाहरु घरमा आउँदा कुर्सी ल्याएर बसौं भन्ने सम्मान पनि पाइन्छ । कतिपय घरमा गोठ अलि पर पनि पाइन्छ । पानी तान्ने मोटरको प्रयोग गरेर पानीको प्रयोग गर्नेहरु पनि छन् । शौचालय घरभन्दा अलि पर छुट्टै वनाइएको हुन्छ ।

# अध्याय-छ

## सार्की जातीको सामाजिक साँस्कृतिक तथा आर्थिक क्षेत्रमा आएका परिवर्तनहरु :-

संसारका हरेक वस्तुहरु परिवर्तनसिल छ । हरेकाजातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक क्षेत्रमा परिर्वतनहरु भइनै रहेको हुन्छ तर कसैमा छिटो हुन्छ त कसैमा ढीलो हुन्छ । परिर्वतन गराउने कारक तत्वहरु शिक्षा, सञ्चार, आदि हुन । अनुसन्धान कर्ता आफैंले सानै उमेर देखि अध्ययन क्षेत्रलाई नजिकैवाट चिनेको हुनाले परिवर्तनहरु स्वयं आफैंले देखेको आधारमा विभिन्न जानकार व्यक्तिहरुको सहयोगवाट विभिन्न परिवर्तनहरु प्रस्तुत गर्न खोजिएको छ । यसमा विगत २० वर्ष अगाडि देखिको परिवर्तन छोटकरीमा उतार्न प्रयास गरिएको छ ।

## ६.१ सामाजिक क्षेत्रमा आएको परिवर्तनहरु :-

सामाजिक क्षेत्र अन्तरगर्त शिक्षामा आएको परिवर्तन, पारिवारीक संरचनामा आएको परिवर्तन, स्वास्थ्य सम्बन्धि चेतनामा आएको परिवर्तन, सामाजमा महिलाको स्थितिमा आएको परिवर्तन, अन्य जातजातिले हेर्ने दृष्टिकोणमा आएको परिवर्तन, सन्तान प्रति आएको परिवर्तन र अनुभवमा आएको परिवर्तन देखाउन खोजिएको छ ।

### ६.१.१. शिक्षामा आएको परिवर्तन :-

विगत विस वर्ष अगाडि सम्म सार्की जातीमा शिक्षामा खास रुची थिएन । वि.सं. २०४६ सालको राजनैतिक परिवर्तन पश्चात विद्यालयहरु खुल्ने काम वढ्दै गएपछि विद्यालय पठाउन रुचि लिएको पाइन्छ । अध्ययन क्षेत्र वरिपरि रहेको स्कुल, कलेजहरुलाई आधार मान्दा शिक्षामा अन्य क्षेत्रको तुलनामा कमै रुचि भएको देखिए पनि विगतको तुलनामा पढ्न जानेको क्रम वढि रहेको  छ । शिक्षित भएपछि राम्रो रोजगार पाइने, अन्य जातीले आफूंलाई दलित नठानी समान व्यवहार गर्ने जस्तो कुराहरु देखिएकोले पढनु पर्छ भन्ने अनुभुति वढ्दै गइरहेको छ ।

### ६.१.२. परिवारको संरचनामा आएको परिर्वतन :-

हिजोआजको आधुनिक युगमा आधुनिकिकरण, पश्चिमीकरण, परसँस्कृतिकरण, साँस्कृतिक प्रसार आदिको प्रभावले संसार एकात्मक परिवार प्रति आर्कषित भइरहेको छ । एकात्मक परिवारमा परिवार सानो हुने भएकोले परिवारको संख्या र आम्दानीको स्रोत वीचको सन्तुलन हुने भएकोले जीवन स्तर उच्च हुन्छ ।

संसारभरि एकात्मक परिवारप्रति आर्कषण भएपनि अध्ययन क्षेत्रमा संयुक्त परिवार प्रतिनै आर्कषित छन् । तालिका नं. २ अनुसार २० घरधुरी मध्य संयुत्त परिवारको संख्या १३ र एकात्मक

परिवारको संख्या ७ रहेको छ । अध्ययनवाट एकात्मक परिवारको संख्या थोरै भए पनि विगतको तुलनमा वढेको छ ।

## ६.१.३. स्वास्थ्य सम्बन्धि चेतनामा आएको परिर्वतन :-

स्वास्थ्य सम्वन्धी चेतनालाई विगत विस वर्ष देखि हेर्दा अध्ययन क्षेत्रका सार्की जातीहरुमा धेरै वढेको पाइन्छ । चेतना वढाउने कारक तत्वहरुमा शिक्षा, संचार, गैरसरकारी संस्था , अस्पतालको स्थापनाा आदि रहेका छन् । पहिले पहिले विरामी पर्दा धामि झाँक्रिहरुमा पूर्ण रुपले विश्वास गर्नेहरु अहिले अस्पताल जान थालेका छन् ।

घरमै सुत्केरी गराउने पुरानो प्रचलन तोड्दै अस्पतालमा सुत्केरी गराउने प्रचलन चलेको छ । त्यस्तै परिवार नियोजनको स्थायी र अस्थायी साधनहरुको प्रयोग गर्नेहरुको संख्या पनि वढ्दै गएको छ । तर स्वास्थ्य सम्वन्धि चेतनाहरु जे जस्तो गरी वढेको भएपनि धामी झाँक्रिको विश्वास पूर्ण रुपले हटि नसकेको देखिन्छ । धामीलाई खुसी पार्न खेत रोप्ने र वाली थन्काउने समयमा एक-एक दिन निशुल्क श्रम गर्ने प्रचलन पनि कसैकसैमा पाइन्छ । औषधि पसलमा गएर आफूखुसी औषधि प्रयोग गर्नेहरु पनि छन् । अस्पताल पुग्न पाए रोग निको हुन्छ भन्ने थाहा पाउँदा पाउँदै पनि सुविधा सम्पन्न अस्पतालमा पैसा नभएर पुग्न नपाई पिडा खप्नु पर्ने वेदना पनि छ ।

## ६.१.४. समाजमा महिलाको स्थितिमा आएको परिवर्तन :-

नेपाल एउटा पितृसत्तात्मक समाज भएको मुलुक हो । सार्की जार्तीमा पनि पितृसत्तात्मक परिवार नै पाइन्छ । यसैले लोग्ने मानिस नै घरमूलि हुन्छ । घरमूलिले नै घर व्यवहार संचालन गर्ने, ऋण लिने दिने, छोराछोरीको पढाई, विहेवारी, घरका सदस्यहरुलाई कामकाज लगाउन आदि कुरामा घरमूलिकै निर्णय अन्तिम हुन्छ । पुरुष नभएको वेलामा कुनै घरायसी व्यावहारको निणर्य गर्नु पर्‍यो भने घरको मालिकलाई सोध्नु पर्दछ भन्ने भनाई अहिले पनि देखिन्छ ।

महिलाहरु प्राय घरायसि कामहरु खानेकुरा पकाउने, घाँस दाउरा, मेलापात जाने, गाइवस्तुहरुको हेरचार गर्ने जस्ता कुराहरु मै व्यस्त हुन्छन् । उनिहरु स्वतन्त्र हिँडडुल गर्न, राजनितीमा सहमागि हुने,

आर्थिक कारोवार गर्ने आदि कुराहरुमा स्वतन्त्र छैनन् । तर समयको परिर्वतनसँगै शिक्षा, स्वास्थ्य, संचार जस्ता पक्षको विकासले महिलामा चेतना वढ्दै गएको देखिन्छ । महिलाहरु विभिन्न समूहमा सम्मीलीत हुने, ऋणको लेनदेन गर्ने, सरकारी गैरसरकारी संस्थाहरुले दिएको चेतनामूलक कार्यक्रमहरु जस्तै प्रौढ शिक्षा, विभिन्न तालिमहरु आदिले गर्दा महिलाहरुमापनि आय आर्जन गर्ने, अफ्नो निर्णय गर्ने जस्ता कुराहरु पनि पढ्दै गएको छ । महिलाहरुको नाममा जग्गा पास गर्दा राजस्वमा छुट दिने सरकारको नितिको कारण पनि महिलाको नाममा जग्गा राख्ने कामको शुरुवात पनि भएको छ ।

## ६.१.५. अन्य जातजातीले हेर्ने दृष्टिकोणमा आएको परिर्वतन :-

नेपाल धर्मनिरपेक्ष, गणतान्त्रिक मुलुक भएपनि हिन्दुहरुको वाहुल्यता भएको मुलुक हो । जातीय दृष्टिकोणवाट सार्की जातीलाई पानी अचल, दलित, तल्लोजातीको रुपमा लिइन्छ । पहिला पहिला उपल्लो जातीका मानिसहरुले सार्की जातीलाई छुनु नहुने, सार्की जातीले छोएको खान नहुने, मन्दिरमा पस्न नहुने, गाउँघरमा हुने विवाह आदि जस्ता कार्यहरुमा छुट्टै वस्नु पर्ने, सार्वजनिक कुवा, धारा को प्रयोग गर्न नदिनु आदि असामाजिक क्रियाकलापहरु पाइन्थ्यो । तर आजकाल शिक्षा चेतनाको प्रभावले सार्वजनिक स्कुल, मन्दिर, वाटो आदि मा उपल्ला जातका मानिसहरुले भेदभाव गर्ने चलन हट्दै गएको छ । उपल्लो जातका पढेलेखेकाहरुमा पनि सार्की जाती हामीजस्तै मानिस हुन, सफा गरिदियो भने जुनसुकै जातीका मानिसले दिएको कुरा खानुहुन्छ भन्ने सोच वढेको पाइन्छ । सार्वजनिक स्थानमा मानिस मानिस वीच भेदवाभ गर्ने कार्य दण्डनिय हुने सरकारी नितिले गर्दा पनि सार्की लगायत अन्य दलित जातीप्रति गरिने व्यवहारमा परिर्वतन आएको छ ।

तर पनि जे जस्तो परिर्वतन आएपनि अझै अध्ययन क्षेत्रका सार्कीहरु माथिल्लो जातको घरभित्र पस्न सक्दैनन् । उनिहरुमा माथिल्लो जातको घरमा खाना खादा घर वाहिर अलग्गै खाने प्रचलन कायमै छ । स्वयं सार्की जातीहरुपनि उनिहरुभन्दा तल्लो जातका मानिसहरु जस्तै कामि दमाइले दिएको खादैनन् ।

अध्ययन क्षेत्रमा हेर्दा जातीय विभेदको कुरा गर्दा उनिहरु माथिल्लो जातीकाले उनिहरुप्रति गरिएको विभेदको हुरा गर्दछन तर उनिहरुले आफूले गरेको अन्य दलितप्रतिको विभेदको कुरा उठाएको कमै देखिन्छ ।

### ६.१.६. सन्तानप्रति आएको परिर्वतन :-

अध्ययन क्षेत्रका सार्की जातीहरुमा पनि आम नेपाली अन्य जातीको जस्तै छोरालाई वढी र छोरीलाई कम महत्वदिने प्रचलन छ । छोरो जन्मदा खुसि हुने छोरी जन्मदा नमज्जा मान्ने प्रचलन पहिला थियो । तर अव समयको परिर्वतन सँगसँगै शिक्षा, चेतनाको विकासले गर्दा छोरीले पनि छोरा जतिकै काम गर्न सक्दछन् आयमूलक काममा संलग्न हुन सक्दछने भन्ने सोचको विकास भएकाले छोरी जन्मदा नमज्जा मान्ने प्रचलन हट्दै गएको छ । छोरीलाई स्कुल पठाउने जागीर ख्वाउन इच्छा व्यक्त गर्ने कुराहरु सवैमा देखिएको छ ।

### ६.१.७. अनुभवमा आएको परिर्वतन :-

हिन्दु समाज अनुसार सार्की जाती सवै भन्दा तल्लो शुद्र वर्णमा पर्दछन । यीनिहरु पानी अचल वर्णमा पर्दछन । पहिले पहिले यीनिहरुमा सार्की जाती भएकोले म सानो हुँ, मेरो समाजमा केहि इज्जत छैन भन्ने हिनता बोध थियो । तर अहिले आएर मानिस जातले भन्दा शिक्षा, संस्कार आदि जस्ता कुराहरले ठूलो सानो हुन्छ भन्ने सोच पाइन्छ । यीनिहरुमा पनि राम्रो गरि पढेर समाजमा राम्रो काम गरियो भने आँफू स्वत : ठूलो हुइन्छ भन्ने सोचको विकास भएको छ । म सार्की हुँ भन्ने हिनता बोध कसैमा भेटिएन सवैमा सार्की हुँ भन्ने गर्व गरेको नै पाइयो ।

## ६.२. साँस्कृतिक क्षेत्रमा आएको परिवर्तन :-

संस्कृति भनेको मानिसले आफ्नो जीवनशैलिलाई सरल सुलभ वनाउन मानिसद्वारा समय समयमा विकास गरेको कुरा हुन । विभिन्न समयमा भएको खोज अनुसन्धान आदिले साँस्कृतिक क्षेत्रमा परिर्वतन गरिरहेको हुन्छ, गराईराखेको हुन्छ । साँस्कृतिक क्षेत्र अर्न्तगत विवाह, गर्भवास्था, महिलाको अधिकार तथा चाडपर्वमा आएको परिवर्तनको चर्चा गर्न खोजिएको हो ।

### ६.२.१. विवाह संस्कारमा आएको परिर्वतन :-

समयको गति सँगसँगै विवाह संस्कारमा पनि परिर्वतन भइरहेको छ । आमा बाबुले खोजेको आफ्नै जातीको केटोसँग मात्र विवाह गरे राम्रो हुन्छ भन्ने सोचाइमा क्रमशः परिर्वतन भइरहेको छ । आधुनिकिकरणको प्रभावले गर्दा आफूले राजेको केटा सँग आँफूखुसि विवाह गर्ने प्रचलन अर्थात प्रेम विवाह गर्नेहरु पनि छन् । हुन त पहिले पनि प्रेम विवाहको अर्को रुप पोइल जानु जसमा आमाबाबुको सहमति विना विवाह गर्ने प्रचलन कयमै थियो । विवाहमा केटार केटीले लगाउने लुगा, गहना आदिमा पश्चिमीकरण को प्रभावले दौरा सुरुवालको ठाउँमा सुट टाई, वेहुलीले लगाउने गुन्यू चोलिको ठाउँमा सारी चोली आदि लगाउने चलन चलेको छ । वेहुला वेहुलीलाई डोलीको सट्टा मोटरको प्रयोग बढेको छ । यस्तै अन्तरजातीय विवाहको चलन पनि वढेर गएको छ ।

## ६.२.२. गर्भावस्थामा आएको परिर्वतन :-

अध्ययन क्षेत्रमा गई अनुसन्धान गर्दा पहिला पहिला आम नेपालीको जस्तै गर्भावस्थामा खास चासो नराख्ने भाग्यले जस्तो हुन्छ त्यस्तै गर्छ भन्ने प्रवृत्ति थियो । तरा हिजोआज सोँचाइमा धेरै परिवर्तन अएको छ । गर्भवस्थामा नजिकैको अस्पतालमा जचाउँने, आइरन चक्किको प्रयोग गर्ने, पोषिलो खानेकुरा खाने, गर्‍हौ भारी नवोक्ने, अस्पतालमा सुत्केरी हुने चलन रहेको  पाइन्छ । तर जे भएता पनि गर्भावस्थामा झारफूक गराउने, गर्भवतीको श्रीमानले खसी, कुखुरा काट्न नहुने आदि जस्ता पुराना सोचहरु कायमै छन् ।

## ६.२.३. महिलाको अधिकारमा आएको परिर्वतन :-

सार्की जातीमा आम नेपाली जस्तै महिलाको अधिकार न्यून थियो तर आजभोली सोचाइमा आएको परिर्वतन आएको छ । जग्गाहरु महिलाको नाममा दर्ता हुने प्रचलन बढ्दै गएको छ । विभिन्न महिला समूह मार्फत आफ्नो हकहितको कुराहरु पनि महिलाहरु उठाइरहेका छन् । विभिन्न महिलावादि संगठनहरुले पैत्रिक सम्पति माथि छोरीको पनि हक हुनुपर्दछ भन्ने आवाज उठाएपनि यसको खासै प्रभाव परेको छैन । पैत्रिक सम्पतिमाथि छोरीको हक कायम भए दाजु वहिनी, दिदि भाई, दिदि वहिनि

विच मनमोटाव कायम हुने छोरीले माइतवाट र घरवाट दुवै ठाउँवाट अंश पाउँदा दोहोरो हुन्छ भन्ने सोच पनि कोहिको छ । अनुसन्धान क्षेत्रका महिला महिला वन उपभोक्ता समितिमा रहे पनि वहुमत उपल्लो जाती कै महिलाको छ । तर जे जस्तो भए पनि छोराछोरी दुवैलाई समान व्यवहार गरिनु पर्दछ भन्ने सोच धेरैमा आएको छ ।

### ६.२.४. चाडपर्वमा आएको परिर्वतन :-

सार्की जाती हिन्दुधर्माबलम्वि भएकाले उनिहरुको प्रमुख चाडपर्वहरु दशै, तिहार, माघे सक्रान्ति, चैते दशै, साउने सक्रान्ति आदि हुन । विभिन्न चाडपर्वहरुमा फजुल खर्च गर्ने, जाडरक्सि आदिको प्रयोग हुने गरेको छ । चाडपर्वमा देखासिखि गर्ने , आफन्त, छिमेकीहरु विच खर्चमा प्रतिस्पर्धा गर्ने गरेको पाईन्छ । विभिन्न चाडपर्वमा विभिन्न उपकरणको प्रयोग गरेको पनि पाइन्छ । जस्तै विवाहमा भिडियो क्यामेरा, आधुनिक संगीतका उपकरणहरु आदिको प्रयोग गरेको देखिन्छ त्यस्तै देउसी भैलोमा क्यासेट आदि उपकरणको प्रयोग गरेको पनि देखिन्छ । तर अहिले शिक्षा, चेतनाको विकासले गर्दा चाडपर्वहरुमा फजुल खर्च गर्नु हुँदैन, रक्सीको प्रयोग वढी गर्नु हुँदैन, चाडपर्व रमाइलो गरी मनाउनु पर्दछ ।ऋण गरेर होइन भन्ने सोच वढेको छ ।

## ६.३. आर्थिक क्षेत्रमा आएको परिर्वतन :-

आर्थिक क्षेत्रले मानिसको विविध पक्षमा प्रभाव पारेको पाइन्छ । मानिसहरुको जीवनस्तर, शिक्षा, स्वास्थ्य, आदिमा आर्थिक क्षेत्रको प्रभाव प्रत्यक्ष परेको हुन्छ । यस क्षेत्र अर्न्तगत पेशामा आएको परिर्वतन, घरको बनौटमा आएको परिर्वतन, आधुनिक समानको प्रयोगमा आएको परिर्वतनलाई उल्लेख गरिएको छ ।

### ६.३.१. पेशामा आएको परिर्वतन :-

अध्ययन क्षेत्रमा गई हेर्दा सार्कीजातीको परम्परागत पेशा कसैले पनि लिएको पाइदैन । पहिले पहिले परम्परागत पेशा गर्दथे तर अहिले कृषि, मजदुरी, सरकारी गैरसरकारी क्षेत्रमा कामगर्ने, वैदेशिक रोजगारमा जाने, अर्काको खेत अधिँया गर्ने जस्ता पेशाहरु गर्ने गरेको पाइन्छ । यस प्रकार अध्ययन क्षेत्रमा परम्परागत पेशामा पुरै परिर्वतन आएको छ ।

### ६.३.२. घरको बनोटमा आएको परिर्वतन :-

सार्की जातीको घरको बनोटमा केहि परिर्वतनहरु मात्र देखिन्छन् । पहिला पहिला खरको छानो, माटो र ढुङ्गाको गाऱ्हो भएको हुन्थ्यो तर अहिले आधुनिकिकरणको प्रभावले गर्दा घरमा छाना जस्ता, टायलको र गाऱ्हो ढुङ्गा माटोको छ । कसैले माथिल्लो तलामा वासमा सिमेन्ट प्लष्टर र तल्लो तलामा ढुङ्गा र सिमेन्ट वाट पनि घर वनाएका छन् । आधुनिक पक्की घर अध्ययन क्षेत्रमा छैन । यसर्थ घरको संरचना समान्य परिवर्तन मात्र देख्न सकिन्छ ।

### ६.३.३. आधुनिक सामानको प्रयोगमा आएको परिर्वतन :-

पहिले पहिले आधुनिक सामानको पहुँच अध्ययन स्थल लगाएत वरिपरि वस्तीमै थिएन । आम्दानीको स्रोतको वृद्धि सँगसँगै आधुनिक सामानको प्रयोगमा वृद्धि हुँदै आएको हो । यसैले अध्ययन क्षेत्रमा सार्की जातीहरुमा समयको परिर्वतन सँगसँगै भएको आम्दानीको वृद्धिले आधुनिक समानको प्रयोग वढेको छ । आधुनिक सामानको प्रयोग सस्ता चिनियाँ सामानले पनि वढाएको हो । हरेक घरमा मोवाइल, रेडियो, घडि, टिभि म्यूजिक प्लेयर आदि पाइन्छ । ग्यास चुलो, गोबर ग्यासको प्रयोग गर्नेहरु पनि छन् । अर्काको खेत वटैया गर्नेहरु पनि ट्याक्टर प्रयोग गर्न थालेका छन् ।

# अध्याय - सात

## सारांश तथा निष्कर्ष

### ७.१. सारांश :-

यो शोधपत्र **“सार्की जातीको सामाजिक, साँस्कृतिक र आर्थिक पक्षहरुको निरन्तर्ता र परिवर्तन : एक मानवशास्त्रिय अध्ययन”** सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं. ५ अन्तर्गत आहाले गाउँका २० घरलाई आधार बनाई लेख्ने प्रयास गरिएको छ । यस अध्ययनमा स्थलगत रुपमा गरिएको अध्ययन, अवलोकन र प्राप्त तथ्याङ्कको विश्लेषण गरेर तयार पारीएको यो **शोधपत्र ७ वटा अध्यायमा** विभाजित छ । जसको सारांश यस प्रकार छ ।

पहिलो अध्यायमा **परिचय** शिर्षक अन्तर्गत सार्की जातीको परिचय, उनीहरुको सामाजिक, साँस्कृतिक, आर्थिक पक्षहरुको परिचय उल्लेख गरिएको छ । उक्त अध्यायमा सार्की जाती कसरी भए भन्ने विभिन्न विद्वानहरुको भनाई उल्लेख गरिएको छ । , उनीहरुमा आएको विविध परिवर्तनहरुको उल्लेख उक्त अध्यायमा गरिएको छ ।

उनीहरुमा आएको सामाजिक, आर्थिक, साँस्कृतिक परिवर्तनको र त्यसले पारेको प्रभावको अध्ययनको उद्देश्यका साथ अध्ययन गरिएको उक्त शोधपत्रले सार्की जातीको अध्ययनमा रुची राख्नेहरुलाई थोरै नै भए पनि सहयोग पुग्ने आशा अनुसन्धानकर्ताको छ ।

यस्तै दोस्रो अध्यायमा **सन्दर्भ साहित्यको पुनरावलोकन** शिर्षक अन्तर्गत सामान्य पुनरावलोकन र सैद्धान्तिक पुनरावलोकन गरी दुई विधिबाट गरिएको छ । सामान्य पुनरावलोकनमा किम्बदन्ति, विभिन्न विद्वानहरुको विचार लगायत शोधकर्ताको आफ्नो धारणा समाविष्ट गरिएको छ । सैद्धान्तिक

पुनरावलोकनमा **G.S Nepali ले किर्तिपुरको पाँगा**लाई आधार बनाई लेख्नुभएको कृति The Newar मा प्रयोग गर्नु भएको **Structural Functionlism** लाई आधार बनाइएको छ ।

तेस्रो अध्ययनमा **अनुसन्धान विधि** अन्तर्गत अनुसन्धान ढाँचा, अध्ययन क्षेत्रको छनौट, अध्ययनको समग्रता, तथ्याङ्क संकलन विधिको प्रयोग गरिएको छ । अनुसन्धानका लागि आवश्यक तथ्याङ्क मूलतः प्राथमिक स्रोत द्धितीय स्रोतमा आधारित रहेर संकलन गरिएको छ । जस अन्तर्गत प्रश्नावली, सहभागि अवलोकन र क्षेत्रगत अध्ययन जनगणना मुख्य जानकार व्यक्तिहरुसँगको अर्न्तवार्ता समावेश गरिएको छ ।

यस्तै द्धितीय स्रोत अन्तर्गत विभिन्न पुस्तक, पत्रपत्रिका, पूर्व प्रकाशित शोधपत्रहरु आदि प्रयोग गरिएको छ ।

**सार्की जातिको सामाजिक, साँस्कृतिक पक्षको विष्लेषण** शिर्षक अध्याय चारमा राखिएको छ । उक्त शिर्षकलाई सार्की जातीको सामाजिक, साँस्कृतिक पक्ष गरी दुई उप शिर्षकमा प्रस्तुत गरिएको छ । सामाजिक पक्ष अर्न्तगत अध्ययन क्षेत्रका कुल १३८ जना जनसंख्या मध्ये महिलाको संख्या ६६ र पुरुषको संख्या ७२ रहेको छ । यस्तै आर्थिकरुपले सक्रिय र आश्रित जनसंख्या क्रमशः ९५ जना र ४३ जना छन । आर्थिक रुपले सक्रिय जनसंख्या बढी हुनु सकारात्मक कुरा हो । अध्ययन क्षेत्रमा संयुक्त परिवारको संख्या १३ र एकात्मक परिवारको संख्या ७ पाइयो । वैवाहिक स्थिति र्हेदा विवाहित २० जना, अविवाहित ७८ जना, विधुवा र विधुर क्रमश २ - २ जना देखिन्छ । शैक्षिक स्थिति हेर्दा अध्ययन क्षेत्रमा विद्यालय नजाने वालवालिकाहरु छैनन। छोरीलाई पनि पढाउनु पर्दछ भन्ने धारणाको विकास भै सकेको छ । स्नातक तहमा २ जना (पुरुषमात्र), कक्षा ११-१२ मा १ जना छोरा र ४ जना छोरी गरी ५ जना, कक्षा ६ देखि १० सम्म पनि १ जना छोरा र ४ जना छोरी गरी ५ जना २२ जना छोरा र १० जना छोरी गरी जम्मा ३२ जना कक्षा १ देखि ५ सम्म अध्ययन गरेको पाइन्छ । स्वास्थ्य अवस्था हेर्दा स्वास्थ्य प्रति सचेत रहेको पाइयो । सुत्केरी गराउन अस्पताल जाने, आफ्ना वालबच्चाहरुलाई खोप दिन अस्पताल लाने, विरामी हुँदा अस्पताल नै जानुपर्छ भन्ने मान्यता अध्ययन क्षेत्रका जनताहरुमा पाइयो । कहिले काँही आफ्ना घर नजिकै संचालन हुने स्वास्थ्य शिविरहरुको पनि फाइदा लिनुपर्दछ भन्ने सोच यो सार्की समाजमा रहेको पाइयो । झारफुक, धामी झाँक्रि, भूत प्रेत प्रतिको विश्वास यो क्षेत्रमा हटि

सकेको छैन । सार्की जातीमा महिलाको स्थिति पुरुषको तुलनामा न्यून छ । परिवारमा निर्णय गर्न, कतै हिँडडुल गर्न, परिवार नियोजनको साधन प्रयोग गर्न पुरुष कै सहमति चाहिन्छ ।

उत्तरदाताहरुको साँस्कृतिक पक्षलाई हेर्दा बच्चा जन्मिए पछि छोराको ११ दिन र छोरीको ५ दिनमा न्वारन गर्नुपर्ने मान्यता यस जातीको छ । आफ्ना दाजु भाइले सुतक बार्ने कुरा अन्य जातीमा जस्तो यस जातीमा पनि छ । गर्भवती महिलाले डोरी नाध्न नहुने, ग्रहण हेर्न नहुने जस्ता अनधविश्वासहरु यस जातीमा पनि पाइन्छ । छोराको ६ महिनामा र छोरीको ५ महिनामा भात ख्वाउने चलन छ । जसलाई अन्नप्रासन पनि भनिन्छ । अन्न प्रासन्नमा जुराएर आफन्त, इष्टमित्रहरु बोलाउने चलन यस जातीमा छ । अध्ययन क्षेत्रमा मागी विवाहको प्रचलन वढी छ । प्रेम विवाह गर्नेहरु पनि छन् । घरायसी कारणले पुरुषहरुले पुनः विवाह गरेको पनि देखिन्छ । जारी विवाहको कथा मात्र सुनिन्छ हाल साल यस्तो विवाह गरेको देखिदैन । सार्की जातीमा मृत्यु संस्कार हिन्दु विधिहरु अनुसार नै गरेको देखिन्छ । साउने संक्रान्ति, दशै, तिहार, माघे संक्रान्ति जस्ता चाडहरु मनाउँछन् । अन्य जातीका मानिसहरु जस्तै भगवानलाई खुसी पार्न आफ्नो मनोकाँक्षा पूरा गर्न पूजा लगाउने, विभिन्न मन्दिरहरुमा दर्शन गर्न आउँछु भन्ने, भाकल गर्ने प्रचनलन यस जातीमा छ । अध्ययन क्षेत्रका सार्की जातीहरुमा उमेर अनुसार पोसाकको छनौट भएको देखिन्छ । पुराना पुस्ताका लोग्ने मानिसहरु कुर्ता, सुरुवाल, टोपी र स्वास्नी मानिसहरु साडी चोलो आदि लगाउँछन् । युवा युवतिहरु आधुनिक डिजाइनका कुर्ता सुरुवाल, टि सर्ट, सर्ट, पाइन्ट, आदि लगाउँछन् । सस्ता चिनिया पोसाकहरुले पनि भेषभुषामा प्रभाव पारेको छ । सुनका गहनाहरुको प्रयोग गर्न रुचाउँछन् । घाँटीमा सिक्रि, कानमा कुण्डल, नाकमा फुलीको प्रयोग भएको पाइन्छ । गहनाको प्रयोग गच्छे अनुसार गरिएको हुन्छ । सुनको पालिस लगाएका गहनाहरुको चलन पनि शुरु भै सकेको छ । भाँडा वर्तनहरुमा पहिले पहिले सिल्भर, ढलोटको प्रयोग भै आएकोमा हिजो आज स्टीलका भाँडा, प्रेसरकुकर आदिको प्रयोग भै आएको छ । यस जातिको मातृभाष नेपाली नै हो ।

**अध्याय पाँचमा उत्तरदाताहरुको आर्थिक पक्षलाई विचार गर्दा** अध्ययन क्षेत्रका सार्की जातीहरु परम्परागत पेशा जुत्ता सिउने, छालको काम गरेको पाइदैन् । कृषि, मजदुरी, नोकरी, बैदेसिक रोजगारी आदि पेशा गर्नेहरु भेटिन्छन् । यस्तै भू - स्वामित्व हेर्दा १ कठ्ठा देखि ५ कठ्ठासम्म जग्गा हुने १ घरधुरी, ५ कठ्ठादेखि १० कठ्ठासम्म २ घर धुरी, १० कठ्ठादेखि माथिका १७ घर धुरी देखिन्छन् । खेति गर्ने परम्परा प्रणाली तथा समय सँगै परिवर्तित पेशाले गर्दा आफ्नै जग्गाबाट खान पुग्नेहरु कम देखिन्छन अध्ययन क्षेत्रमा ३ महिना सम्म खानपुग्ने १ घरधुरी, ६ महिनासम्म खानपुग्ने १७ घर धुरी र

९ महिनासम्म खान पुग्ने २ घरधुरी रहेका छन् । उत्तरदाताहरुको अन्य क्षेत्रमा मानिसहरुको जस्तो आम्दानी अनुसार खर्च गर्ने वानी छ रु.१००० देखि रु. २५००० सम्म कमाउने परिवारसंख्या १०, रु. ५००० देखि रु.५०,००० सम्म कमाउने परिवार संख्या ८ र रु.५०,००० भन्दा माथि कमाउने परिवारको संख्या २ देखिएको छ । खर्च गर्ने परिवार संख्या पनि उक्त आम्दानी अनुसार नै देखिन्छ । विभिन्न वचत समूहहरुको स्थापनाले अनिवार्य वचत गर्ने वानी उक्त क्षेत्रमा पाइन्छ । उक्त वचत समूहरुबाट कम व्याजमा सरल तरिकाबाट ऋण प्राप्त सजिलो भएको छ । यस्तै विभिन्न वाणिज्यबैंकहरुबाट पनि ऋण लिने गरेका देखिन्छ । आम्दानीको स्रोतअनुसार आधुनिक उपकरणहरुको प्रयोग पनि बढेको पाइन्छ । आधुनिक उपकरणहरुको प्रयोगमा सस्ता चिनीया सामानहरु गर्दा सम्भव बनाएको छ । अध्ययन क्षेत्रमा ५ घर परिवारसँग टेलिभिजन, १ जनासँग मोटरसाइकल, हरेक घरमा मोवाइल फोन, रेडियोको प्रयोग भएको पाइन्छ ।

**अध्याय छमा विगत २० वर्षदेखिको परिवर्तनलाई हेर्दा** शिक्षित भएपछि अरुले दलित भनि नहेप्ने, राम्रो रोजगारी पाइने, समाजमा सम्मानित जिवन यापन गर्न पाइने, भनेर नै छोराछारीलाई स्कुल पठाउने प्रचलन बढेको छ ।अध्ययन क्षेत्रमा एकात्मक परिवार प्रतिको आकर्षण बढेको देखिन्छ तर पनि संयुक्त परिवार कै संख्या बढी छ । २० घर धुरी मध्ये ७ घर एकात्मक परिवार र १३ घर संयुक्त परिवार छन् । राजस्वको छुटले गर्दा महिलाको नाममा जग्गा पास गर्नेहरुको संख्या बढेको छ । कतिपय घर व्यवहारमा श्रीमानलाई सल्लाह दिने काम श्रीमतीहरुले पनि गर्न थालेका छन् । छोरीप्रति सकारात्मक धारणा देखिनु, म सार्की हुँ भनेर हिन भावना हटनु जस्ता कुराहरुको परिवर्तन देखिन्छ । विवाहमा डोलीको सट्टा मोटरको प्रयोग, वेहुला वेहुलीको लुगामा कोट पाइन्ट, टाई, साडी, चोलो आदिको प्रयोग हुनथालेको छ । दशैं तिहार जस्ता चाडपर्वहरुमा विभिन्न साँगितिक उपकरणहरुको प्रयोग हुनु । विरामि हुँदा धामी काहाँ होइन डाक्टर काहाँ जानु पर्दछ भन्ने सोचको विकास भएको छ । गर्भ अवस्थामा अस्पताल गै जँचाउनु, आइरन चक्कीको उपयोग गर्नु, गाउँका सामाजिक कार्यहरुमा महिलाहरु सरिक हुनु आदि परिवर्तहरु देखिन्छ । परम्परागत जुत्ता सिउने पेशा कथामा मात्र सीमित छ । घरमा जस्ता, टायल, सिमेन्टको प्रयोग हुन थालेको छ । घरमा टि.भि., रेडियो, घडी, म्युजिक प्लेयरहरुको प्रयोग भै आएको छ । उमेर पुगेका हरेका हातमा मोवाइल छन् मानिसहरु विभिन्न आयमूलक कार्यहरुमा संलग्न छन् ।

## ७.२ निष्कर्ष :-

सार्की जातीको सामाजिक, साँस्कृतिक अवस्था र तिनमा आएको परिवर्तन प्रति अध्ययन र विश्लेषणको निष्कर्षमा पुग्दा व्राम्हण क्षेत्रीहरुको जस्तै भाषा, धर्म भएको उनिहरुकै निकटमा वसोवास गर्ने, थरहरु पनि धेरै जसो समान भएको सार्की जाती दलित अछुत हुन तर व्रामण, क्षेत्रीहरु माथिल्लो जाती हुनु एउटा अमिल्दो पक्ष देखिन्छ । आधुनिक स्वदेशि तथा विदेशि जुत्ता, चप्पलसँग प्रतिशपर्दा गर्न नसकेर परम्परागत पेशालाई पूर्ण रुपमा त्यागी अन्य पेशाहरु कृषि, ज्यालामजदुरी, नोकरी आदि पेशाहरु अँगालेका छन् । शिक्षा सम्वन्धि चेतनाले गर्दा आफ्ना केटाकेटीहरुलाई स्कुल पठाउने, विरामि पर्दा अस्पताल जाने, गाउँका विविध विषयमा र्निधक्क साथ आफ्ना विचारहरु राख्न सक्ने, सार्वजनिक स्थलमा खानपनि गर्न सक्ने, महिला पुरुष विचको सम्वन्धमा सुधार, अन्य जातिले हेर्ने दृष्टिकोणमा परिर्वन, विभन्न गैरसरकारी तथा सरकारी क्षेत्र लागाएत वैदेशिक क्षेत्रमा जागिर खाने क्रम बढिरहेको छ । आधुनिक संचारका उपकरणहरुले पनि विविध क्षेत्रमा परिवर्तनहरु गराएका छन् ।

कसैकसैमा सामाजिक विकृतिका रुपमा जाँड रक्सिको वढ्दो प्रयोग, अनावश्यक ऋण लिई ऋणको दुरुपयोग गर्ने जस्ता कुराहरु पनि देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


| | |
|---|---|
| क्यापलन ए.डी. | प्रिष्ट एण्ड कोबलर, अ स्टडी अफ सोसल चेन्ज इन हिन्दु भिलेज इन वेस्टर्न नेपाल, इन्टरटेक्ष्ट वुक्स, लन्डन |
| गौतम टिकाराम | सामाजिक अनुसन्धान पद्धति, प्रस्तावना एवं प्रतिवेदन लेखन, विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, (वि.स.२०६४) |
| चतुर्वेदी त्रिलोकनाथ | मनुस्मृति (हिन्दी), डायमण्ड पाकेटबुक्स, नयाँ दिल्ली, (सन् २००१) |
| जिल्ला पार्श्व चित्र, सिन्धुली | जि.वि.स. सिन्धुली, (वि.स.२०६५) |
| नेपालको संविधान २०४७ | नेपाल सरकार |
| नेपालको अन्तरिम संविधान २०६३ | नेपाल सरकार |
| नेपाली गोपालसिंह | दि नेवार, युनाटेड एसियन पब्लिकेशन, मुम्बइ, (सन् १९६५) |
| पाँडे रामकुमार | नेपालको मानव भूगोल, रत्नपुस्तक भण्डार काठमाडौ (वि.स. २०६६) |
| पौडेल प्रदिप | शोध प्रस्तावना पाटन संयुक्त क्याम्पस, ललिपुर |
| मार्सल गोर्डन | डिक्सनरी अफ शोसोलोजी (भारतीय संस्करण), अक्सफोर्ड युनिभरसिटी प्रेस, (सन् २००६) |

मुलुकी ऐन (वि.सं.२०२०), नेपाल सरकार

वृहत नेपाली शब्दकोष नेपाल प्रज्ञापरिष्ठान, काठमाडौं ( वि.सं.२०४०)

वृहत नेपाली शब्दकोष नेपाल प्रज्ञापरिष्ठान, काठमाडौं, (वि.सं.२०५२)

विष्ट डोरबहादुर सबै जातको फुलवारी, हिमाल किताव हिमाल एसोसियसन, (सन् २००६)

शर्मा कमलराज सामाजिक संस्था र प्रक्रिया समाजशास्त्रीय तथा मानवशास्त्रीय विश्लेषण, युनाइटेड ग्राफिक प्रा.लि., काठमाण्डौ, (वि.स. २०६४)

# अनुसूचीहरु

## अनुसूची - १

### सार्की जातीको सामाजिक, साँस्कृतिक र आर्थिक पक्षहरुको निरन्तरता र परिवर्तन : एक मानवशास्त्रीय अध्ययन

घरधुरी सर्भेक्षण

उत्तरदाताको नाम - थर :-

धर्म - वडा नं.:-

गा.वि.स./नगरपालिकाः- टोल/गाउँः-

१) कृपया तलका विषयवस्तुसँग सम्बन्धित भएर उत्तर दिनुहोला ।

| क्र.स. | घरमूलीकोनाम | घरमुलीसँगको सम्बन्ध | लिङ्ग | उमेर | पेशा | शिक्षा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

२) तपाईको परिवार कस्तो किसिमको छ

क) एकात्मक ख) संयुक्त ग) वृहत

३) तपाईको घरमा विधुवा/विदुर छन कि छैनन ?

क) छन ख) छैनन

४) तपाईको छोरा छोरी निम्न क,ख,ग,घ, मध्ये कुन समूहमा पढ्दछन् ?

क) कक्षा १ देखि ५ सम्म ख) कक्षा ६ देखि १० सम्म ग) कक्षा ११ देखि १२ सम्म घ) स्नातक तह भन्दा माथि ५) तपाईको नाममा कति जमिन छ ?

क) १ देखि ५ कठ्ठासम्म ख) ५ कठ्ठादेखि १० कठ्ठासम्म ग) १० कठ्ठा भन्दा माथि घ) छैन

६) तपाईलाई आफ्नो जमिनबाट कति महिना खान पुग्छ ?

क) ०-३ महिना ख) ०-६ महिना ग) ०-९ महिना

७) तपाईंको वार्षिक आम्दानी कति छ ?

क) रु.१०००- रु.२५००० सम्म ख) रु.२५०००- रु.५०००० सम्म ग) रु. ५०००० भन्दा माथि

८) तपाईंको परिवारको वार्षिक खर्च कति छ ?

क) रु.१०००- रु.२५००० सम्म ख) रु.२५०००- रु.५०००० सम्म ग) रु. ५०००० भन्दा माथि

९) तपाईंले ऋणलिनु भएको छ भने के काम गर्न लिनु भएको छ ?
क) विवाह गर्न ख) वैदेशिक रोजगारमा जान ग) घर खर्च घ) यी वाहेका अन्य शिर्षकमा

# अनुसूची - २

## सार्की जातीको सामाजिक, साँस्कृतिक, आर्थिक पक्षसँग विभिन्न व्यक्तिहरुसँग लिइएको अर्न्तवार्ता

## सामाजिक पक्ष

१) तपाईको समुदाय यस ठाउँमा काँहा देखि आउनु भएको हो ?

..........................................................................................

२) कति वर्षदेखि तपाँईहरु यस ठाउँमा वसिरहनु भएको छ ?

....................................................................................................

३) तपाईको समुदायको यस नगरपालीका भित्रको अन्य सार्की समूदाय सँग कस्तो सम्बन्ध छ ?

...............................................................................................................

४) आफ्नो परिवार भित्र मनमोटाव भयो भने कसरी समाधान गर्नु हुन्छ ।

.........................................................................................................

५) पारिवारि झै-भगडा हुँदा अपल्लो जातका मानिसको निर्णय मनपर्छ की आफ्नै जातका मानिसका निर्णय ?

.....................................................................................................................

६) तपाँई छोरा, छोरी को विवाह कति वर्षमा गर्नुहुन्छ ?

.....................................................................................................................

७) विवाहमा बढि खर्च गर्न मन लाग्छ की लाग्दैन ?

.....................................................................................................................

८) छोरा छोरीलाई स्कुल पठाउनु हुन्छ की हुँदैन ?

.....................................................................................................................

९) स्कुल पठाउनु छोरा छोरी मध्य कसलाई प्राथमिकता दिनुहुन्छ ?

.....................................................................................................................

१०) तपाईलाई धामी झाँक्री प्रति कतिको विश्वास छ ?

...........................................................................................................

११) पहिले पहिले तपाँईको लगायत अन्य समूदायले धामीलाई वर्षमा एक पटक धान रोप्न र धान काट्ने वेलामा निशुल्क १-१ दिनको श्रमदान गर्ने चलन थियो हाल छ की छैन ?

...........................................................................................................

१२) तपाँइ घरयसी निर्णय गर्दा आफ्नो श्रीमतिसँग सल्लाहा लिनु हुन्छ कि हुन्न ?

...........................................................................................................

१३) आफ्नो श्रीमति, छोरा, बुहारी आदि सुत्केरी हुँदा काँहा गराउनु हुन्छ ? अस्पताल की घरमा ?

...........................................................................................................

१४) विरामी हुँदा काँहा जानुहुन्छ ? अस्पताल कि धामी ?

...........................................................................................................

१५) भूत प्रेत प्रति कतिको विश्वास छ ?

...........................................................................................................

१६) अहिलेसम्म भूत प्रेत, पिशाचले तर्साएको छ की छैन ?

...........................................................................................................

१७) चुनावमा भोट हाल्न महिलालाई स्वतन्त्र छोड्नु हुन्छ की हुँदैन ?

...........................................................................................................

१८) स्कुल गएका छोरीहरु कहिले काँहि स्कुलवाट अवेर फर्के भनि कस्तो महसुस गर्नुहुन्छ ?

...........................................................................................................

१९) कहिले काँहि आफ्नो छोरी बुहारीले केटा साथी घरमा ल्याए भनि के सोच्नु हुन्छ ?

...........................................................................................................

२०) कहिले काँहि छोरी, बुहारीको मोवाइलमा सेभ भएको नम्वर हेर्न मन लाग्छ की लाग्दैन ?

...........................................................................................................

२१) बुहारीलाई स्कुल पठाउन मन लाग्छ की लाग्दैन ?

...........................................................................................................

२२) श्रीमति, छोरी बुहारीले चुनावमा उम्मेदवारी दिएको मन पर्छ की पर्दैन ?

...........................................................................................................

२३) छोरी र बुहारीमा कसलाई वढी मन पर्छ ?

...........................................................................................................

२४) परिवार नियोजनको साधन प्रयोग गरेको मन पर्छ की पर्दैन ?

.......................................................................................................................

२५) परिवार नियोजनको साधन लोग्ने मानिस र स्वास्नी मानिस मध्य कसले प्रयोग गरेको मन पर्छ ?

.......................................................................................................................

२६) तपाँईलाई व्राम्हण, क्षेत्री जातीका मानिसले उनिहरुको घरमासँगै खाना खाऔं भन्योभने अप्ठ्यारो लाग्छ की लाग्दैन ?

.......................................................................................................................

## साँस्कृतिक पक्ष

२७ ) छोरी जन्मदा कस्तो अनुभव गर्नुहुन्छ ?

.......................................................................................................................

२८) लगातार २ वटी छोरी जन्मियो भने पिर लाग्छ की लाग्दैन ?

.......................................................................................................................

२९) छोराको न्वारन ११ दिनमा र छोरीको न्वारन ५ दिनमा गर्ने चलनले छोरा छोरी प्रतिको विभेद होइन र ?

.......................................................................................................................

३०) पास्नी (भात ख्वाउने) पर्वमा वढी खर्च गर्न मन लाग्छ ?

.......................................................................................................................

३१) तपाँईलाई कस्तो विवाह मन पर्दछ ? मागी विवाह की प्रेम विवाह ?

.......................................................................................................................

३२) जारी विवाह देख्नु भएको छ की सुन्नु भएको छ ?

.......................................................................................................................

३३) विधुवा विवाह मन पर्छ की पर्दैन ?

.......................................................................................................................

३४) उमेर नपुग्दै आफ्नै छोरी वा बुहारी विधुवा भइन भने पुन : विवाह गर्न अनुमति दिनुहुन्छ ? की हुदैन ?

.......................................................................................................................

३५) उमेर नपुग्दै विधुवा भएकी केटीलाई तपाँईको अविवाहित छोराले मन परायो भने विवाह गर्न अनुमति दिनुहुन्छ ?

..........................................................................................................

३६) मृत्यु संस्कारमा फ्जुल खर्च गरेको मन पर्छ की पर्दैन ?

..........................................................................................................

३७) आजकाल कसैकसैले आफ्ना बुवा आमाको क्रिया नगरेको देखिन्छ, सुनिन्छ ? यसमा तपाँइलाई कस्तो लाग्छ ?

..........................................................................................................

३८) हिजो आज चाडपर्वहरुमा अर्काको देखासिखि गरी वढी पैसा खर्च गरेको तपाँइलाई कस्तो लाग्छ ?

..........................................................................................................

३९) चाडवाडमा रक्सीको प्रयोग कतिको गर्नुहुन्छ ?

..........................................................................................................

४०) जात्रा जान कतिको मनपराउनु हुन्छ ?

..........................................................................................................

४१) विभिन्न अप्ठ्यारा समस्या पर्दा मन्दिरमा भाकल गर्नुहुन्छ की गर्नुहुन्न ?

..........................................................................................................

४२) वुहारीले कुर्ता सुरुवाल, सर्ट पेन्ट लगाएको मन पर्छ की पर्दैन ?

..........................................................................................................

४३) वढ्दो गरगहनाको प्रयोगले अस्वस्थ्य वातावरण सिर्जना भएको छ । यो भनाई तपाँइलाई कस्तो लाग्छ ?

..........................................................................................................

४४) "सुनका गहना औषधी होइन यो नभए पनि वाचिन्छ, त्यसैले सुनका गहनाको प्रयोग कम गरौं ।" यो भनाई तपाँइलाई कस्तो लाग्छ ?

..........................................................................................................

४५) पुराना भाँडाहरु करुना, ढलोटको थाल मन पर्छ की पर्दैन ?

..........................................................................................................

## आर्थिक पक्ष

४६) तपाँईलाई आफ्नो परम्परागत पेशा थाहा छ ? की छैन ?

..........................................................................................................

४७) तपाईका आम्दानीका श्रोतहरु के-के हुन ?

.......................................................................................................................

४८) तपाँई आफ्नो आम्दानीलाई कस्ता कस्ता कार्यहरुमा खर्च गर्नुहुन्छ?

.......................................................................................................................

४९) अर्काको जग्गा अधियाँ, वटैया गर्नुहुन्छ की हुदैन ?

.......................................................................................................................

५०) श्रीमति, छोरी, बुहारीको नाममा जग्गा राख्नु भएको छ ? की छैन ?

.......................................................................................................................

५१) आफ्नो आम्दानीवाट वचत गर्न सकिन्छ कि सकिदैन ?

.......................................................................................................................

५२) कतिवटा वचत समूहमा सम्मिलित हुनुहुन्छ ?

.......................................................................................................................

५३) कुन कुन सस्थावाट ऋण लिनु भएको छ ?

.......................................................................................................................

५४) अहिलेका केटा केटीले प्रयोग गरेका मोवाइल, म्यूजिक प्लेयर तपाँइलाई कस्तो लाग्छ ?

.......................................................................................................................

५५) पुरानो चलनको घर र अहिलेको चलनको घरको सुविधामा के फरक छ ?

.......................................................................................................................

## सामाजिक, साँस्कृतिक, आर्थिक क्षेत्रमा भएको परिर्वतन

५६) विगत २० वर्ष अगि र अहिलेको शिक्षामा के परिवर्तन पाउनुहुन्छ ?

.......................................................................................................................

५७) तपाँइको छोरा, छोरी, नाती, नातीनी मध्य कसैले उच्च तहको अध्ययनको मौका पाए तर खर्च लाग्ने भयो तपाँइको अलिकति जमिन वेचेर पुग्ने भयो भने वेच्न तयार हुनुहुन्छ की हुँदैन

.......................................................................................................................

५८) परिवार नियोजनको स्थायी/अस्थायी साधन प्रयोग गरेको मन पर्छ ? की पर्दैन ?

.......................................................................................................................

५९) तपाँइले विगत २० वर्षको तुलनामा महिलाको स्थितिमा कस्तो परिवर्तन पाउनुभएको छ ?

.......................................................................................................................

६०) तपाँइलाई कसैको भोजभतेरमा आफु वा आफ्ना सन्तानले हिजो आज सँगै खाएको देख्दा कस्तो लाग्छ ?

.............................................................................................................................................

६१) हिजो आज पढेलेखेका ब्राम्हण, क्षेत्री परिवारका व्याक्तिहरुले तपाँइका घरमा खाना खाएको देख्दा कस्तो लाग्छ ?

...............................................................................................................

६२) विगत २० वर्ष अगि देखिको विवाह चाडपर्व हेर्दा तपाँइले कस्तो परिवर्तन पाउनु भएको छ ?

...............................................................................................................

६३) घरको वनोटमा आएको परिवर्तन प्रति तपाँइलाई कस्तो लाग्छ ?

...............................................................................................................

६४) तपाँइले विगत २० वर्ष अगि देखि पेशामा कस्तो परिवर्तन पाउनु भएको छ ?

...............................................................................................................

६५) अन्तरजातीय विवाह कस्तो लाग्छ ?

...............................................................................................................

६६) टेलिभिजनको प्रयोग कस्तो लाग्छ ?

...............................................................................................................

६७) टाढा गएका आफन्तसँग घरमै वसेर कुरा गरेको देख्दा कस्तो अनुभव गर्नुहुन्छ ?

.....................................................................................................................

# अनुसुची - ३

तस्विर नं. १ - अध्ययन क्षेत्रका एक पुराना सार्की बासिन्दा